वर्ष : १५ | अंक : २

# अर्थ र रोजगार

ARTHA RA ROJGAR

राष्ट्रिय मासिक

२०८२ भदौ | 2025 Aug.-Sept.





## जे सागरको 'मस्जिद मन्दिर'

# अबको थालनी सीप विकासमा लगानी

मूल्य रु.४०/-, भारु. ३०/-, मलेसियन रिंगेट ५/-, युएई दिराम ५/-, कतारी रियाल ५/-, ओमानि रियाल ०.५/-, बहराइन डिनी ०.५/-, युएस ४ $/-




रकम पठाउन तथा पाउनका
लागि भरपर्दो माध्यम

Toll Free : 16600-144444
www.prabhumoneytransfer.com.np

prabhu®
Money Transfer
प्रभुको इच्छा

# यसभित्र




४

आवरण

## अबको थालनी सीप विकासमा लगानी

एकातिर सीप र दक्षता बिना युवाहरू श्रम बजारमा आउँदा स्वदेशमै दक्ष कामदारको कमीका कारण भारत वा बंगलादेशका कामदारमा निर्भर रहनु परेको छ। अर्कोतिर अधिकांश युवाहरू दक्षता विना नै वैदेशिक रोजगारीमा जादा राम्रो कमाइ गर्न सकिरहेका छैनन्। जसका कारण हामीसँग रहेको ठुलो श्रम शक्ति खेर गैरहेको अवस्था छ। तथापी पछिल्ला केही वर्षयता सरकार तथा नीजि क्षेत्रले रोजगार प्रवर्द्धनसँगै व्यवसायिक दक्षता तथा सीप बिकासलाई जोड दिएका छन। जसका कारण दक्ष भएर श्रम बजारमा आउने जनशक्ति बढन थालेको छ। यसै विषयमा तयार पारिएको आवरण रिपोर्ट :




९ सय नपुगेका मेनपावर कम्पनी नवीकरण खुल्दा 'जस' लिने होडबाजी



१० 'मलेसिया रोजगारीमा **सिण्डिकेटको प्रयास भए स्वीकार्य** हुँदैन'



१७ कुवेतमा विषाक्त मदिरा **सेवनले बढ्दै नेपालीको** मृत्यु

२४ चौतारी

**डिल्लीरामको फिर्ती**

युवराज नयाँघरे





२६ अनुभूति

नेतृत्व गर्नु भनेको राजनीति **नै गर्नु मात्र होइन** !

शम्भु सुस्केरा



'जीवनसँग त्यति **धेरै गुनासो छैन**'

१३ जनजीवन

● बिन्दु अधिकारी ढकाल

२८ मनोरञ्जन

जिन्दगीका भोगाई र प्रेम वियोगको संयोजन हो

**'मस्जिद मन्दिर'**

जे. सागर, गजलकार



## सम्पादकीय

# वैदेशिक रोजगारीका क्षति कम गर्न अब **ठोस कदम उठाऔं**

*वैदेशिक रोजगारी हाम्रो अर्थतन्त्रको मेरुदण्ड बनेको छ। रेमिट्यान्सले देश धानेको छ। तर, अर्कोतर्फ असंख्य नेपाली श्रमिक पीडा, अशक्तता र कफनमा फर्किएको वास्तविकतासँग लडिरहेका पनि छन्। सपना बोकेर विदेशिने धेरैले अमिलो पसिना र जोखिमपूर्ण काम मात्र होइन पारिश्रमिक पाउनुको साटो ज्यानै गुमाइरहेका छन्।*

*दैनिक औसत चार नेपाली श्रमिकको वैदेशिक रोजगारीकै क्रममा मृत्यु भइरहेको तथ्यांकले यथार्थको कठोरता झल्काउँछ। कतिपय श्रमिक कार्यस्थलको असुरक्षा, स्वास्थ्य सेवा अभाव, मनोवैज्ञानिक दबाब, नक्कली स्वास्थ्य परीक्षण र कमजोर तालिमका कारण अकालमा जीवन गुमाइरहेका छन्। अंगभंग, घातक रोग वा अशक्त भएर फर्किनेहरूको पीडा अझै बेथितिपूर्ण छ, जसलाई प्रायः 'कफनको कथा'ले मात्र ओझेल पारिदिन्छ।*

*वैदेशिक रोजगार बोर्ड, बिमा कम्पनी र रोजगारदाता मुलुकका सम्झौताबाट पाउने राहतले तत्कालीन बोझ केही घटाए पनि पीडित परिवार वा अशक्त श्रमिकको दीर्घकालीन जीवन निर्वाहका लागि पर्याप्त हुँदैन। अझ श्रम स्वीकृति नलिई जाने वा अवैध बाटो प्रयोग गर्ने हजारौं नेपाली त कुनै पनि सहायता वा क्षतिपूर्ति बिना नै छटपटाइरहेका छन्। श्रम विज्ञहरूले सुझाएझैं, सरकारले अल्पकालीन राहतभन्दा पर 'लङ टर्म राहत प्याकेज' ल्याउन जरुरी छ। उपचार, पुनर्वास, रोजगारी पुनः समायोजन, तथा परिवारलाई दीर्घकालीन सहारा दिने नीति अपरिहार्य भइसकेको छ।*

*नक्कली मेडिकल रिपोर्ट, कमजोर अभिमुखिकरण तालिम र सुरक्षाबारे जानकारीको अभावले श्रमिकको जीवनमा जोखिम बढाएको छ। श्रमिकको जीवन रक्षा गर्न सरकार, वैदेशिक रोजगार बोर्ड, स्वास्थ्य संस्था र व्यवसायी सबै जिम्मेवार भएर अघि बढ्नुपर्छ। श्रमिकको स्वास्थ्य परीक्षण प्रणालीलाई कडाइका साथ लागू गर्ने, तालिमलाई व्यवहारिक बनाउने र सम्झौतामा स्पष्ट प्रावधान राख्ने समय आएको छ। मृत्यु दर घटाउने लक्ष्यसँगै श्रमिकलाई 'रेमिट्यान्स पठाउने साधन' होइन, 'देश धानेका जीवन'का रूपमा सम्मानपूर्वक हेरिनु पर्दछ। वैदेशिक रोजगार ऐन संशोधनदेखि बीमा प्रणाली सुधार र कल्याणकारी कोषको दिगोपनामा जोड दिए मात्र श्रमिकको बलिदान घटाउन सकिन्छ।*

*आँकडाभन्दा बाहिर रहेका पीडितलाई समेत देख्ने दृष्टि, राहतलाई जीवन पर्यन्त सहारा बनाउने कार्यक्रम र श्रमिकलाई सुरक्षित भविष्य दिने नीति ल्याउनुपर्छ। नभए, रेमिट्यान्सको चमकले देशलाई बचाए पनि श्रमिक परिवारको अँध्यारो कहिल्यै हट्ने छैन्।*


**रोजगार मिडिया प्रा.लि.**

जि.प्र.का. काठमाडौं द. नं. १३७/०६७/०६८

अर्थ र रोजगार
राष्ट्रिय मासिक
AARTHARAROJGAR

• वर्ष १५ • अंक २ • २०८२ भदौ

**सल्लाहकार**
युवराज नयाँघरे
जगदीश खरेल
शंकर खनाल

**प्रबन्ध निर्देशक/सम्पादक**
उद्धव भट्टराई

**निर्देशक/कार्यकारी सम्पादक**
सुमन गिरी

**निर्देशक/सह-सम्पादक**
उत्तम भट्टराई

**निर्देशक/प्रमुख व्यवस्थापक**
फणिन्द्र दाहाल

**व्यवस्थापक**
पर्वत विश्वकर्मा

**ओमान संयोजक**
दिपक श्रेष्ठ
(९६८९६०५३४६९)

**कतार प्रतिनिधि**
खेम भट्टराई
(९७४५६०९५७८)

**कला संयोजक**
हेमन्तराज गौतम

**प्रतिनिधि**
राजु थापा (क्यानडा)
जनक गिरी (जापान)
हरिकृष्ण अधिकारी (इजरायल)
यामबहादुर पुरकोटी (युएई)

**कानुनी सल्लाहकार**
वरिष्ठ अधिवक्ता देवराज कटुवाल

**डिजाइन**
महेश कार्की

**मुद्रक**
नयाँ नेपाल प्रेस प्रा.लि.,
असन, काठमाडौं
फोन : ९८५११७९९९६

**कार्यालय**
रोजगार मिडिया प्रा.लि.
ज्ञानेश्वर, काठमाडौं
पो.ब. नं. १२०१८,
फोन : ०१-४५३१०४३
९८४९१४५५३४, ९८६३४९७१९१
इ-मेलः artharojgar@gmail.com
www.rojgarmanch.com



# पाठक पत्र



## क्षतिपूर्ति मात्र **समाधान होइन्**

वैदेशिक रोजगारीको क्षेत्रमा जाने युवाहरूको संख्या जति बढ्दै छ, उतिनै मृत्यु हुने, दुर्घटनामा पर्ने तथा गम्भिर विरामीको संख्या पनि थपिदै गएको छ । यसमा पनि अधिकांश घटना प्राकृतिक तथा स्वभाविक भन्दा पनि असावधानीका कारण भएका देखिन्छन । तर सरकारले यसलाई घटाउन खासै कदम चाले जस्तो लाग्दैन । के सरकारको काम वैदेशिक रोजगारीमा जानेलाई अनुमति दिने मात्र हो त ? उनीहरूको सुरक्षाप्रति जिम्मेवारी लिनुपर्दैन ?

*- गगन बराइली, काठमाडौं*

श्रम स्वीकृति लिएर विदेश गएकाहरू कुनै समस्यामा पर्दा सरकारले वैदेशिक रोजगार बोर्डमार्फत निश्चित क्षतिपूर्ति उपलब्ध गराउँछ । श्रम स्वीकृति नलिनेहरूले त यही क्षतिपूर्ति पनि पाउदैनन । यदी मृत्यु भएमा, घाइते भएमा तथा गम्भिर विरामी परेर स्वदेश फर्कनुपरेमा बोर्डबाट उपलब्ध रकमले यस्ता श्रमिकको समस्यालाई सम्वोधन गर्छ त ? अनि क्षतिपूर्ति दिनुमात्र सरकारको दायित्व होकी यस्ता समस्या आउनै नदिन लाग्ने हो त !

*- सिम्रन गुरुङ, पोखरा*

## खर्पनको कथा मासिँदै गयो



केही वर्षअघि सम्म काठमाडौ उपत्यकाका चोक-गल्ली जतातत्तै खर्पनमा तरकारी बोकेर बिक्रि गर्न आउनेहरू प्रशस्तै भेटिन्थे । अहिले विस्तारै यस प्रकारको व्यापार लोप हुन थालेको छ । खेतीयोग्य जमिन प्लटिङ गरेर बिक्रिवितरण गर्न थालिएपछि जतातत्तै कंक्रिटका घर ठडिएका छन । धन्न भक्तपुरका श्यामकृष्ण बाग श्रेष्ठले अहिलेसम्म पनि त्यो परम्परा जिउदै राखेर खेती किसानी गर्दै आउनुभएको रहेछ । उहाँका पुस्ताका केही बृद्धबृद्धाहरूले खेती किसानीलाई जिउने आधार अझै पनि बनाइरहे पनि अबको पुस्ताले यो परम्परा कायम राख्ला त ?

*- गोबिन्द भट्टराई, मलेसिया*

## कोषप्रति आकर्षण बढाउन नसकेको हो की ?



सरकारले स्वदेशमा कार्यरत तथा विदेशमा रहेका सबै किसिमका श्रमिकलाई सामाजिक सुरक्षा योजनामा समेटने गरी कोष संचालनमा ल्याएपनि यसप्रति खासै आकर्षण बढेजस्तो लाग्दैन । झट्ट हेर्दा वैदेशिक रोजगारीमा जादा अनिवार्य कोषमा आवद्ध हुनुपर्ने नियमले आवद्ध हुनेको संख्या धेरै देखिएपनि निरन्तरता दिनेहरू न्युन हुदा तथा स्वदेशमै पनि यसमा आवद्ध हुनेहरू न्युन मात्र हुदा सबैभन्दा पहिला कोषले यसका सेवासुविधा र फाइदाबारे जानकारी दिदै व्यापक जनचेतना फैलाउनुपर्ने देखिन्छ ।

*- राजन खडका, कतार*

## शरीर जता गएपनि **मन भने नेपालमै**



अहिले वैदेशिक रोजगारीमा गएकाहरू तथा अध्ययनका लागि विदेशीएकाहरूले आफ्ना बाबुआमालाई आफु रहेको मुलुकमा घुमाउन लैजाने प्रचलन धेरै बढेको छ । तर यही खेती किसानी गरेर समय व्यतित गरेका तथा घरछिमेकमा रमाएर बसेकाहरूको मन किन बिदेशमा बरालिन्थ्यो र ! युवराज नयाँघरेको 'बुबाको हैरानी' लेखमा भनिए झैं एकछिन फुर्सद भयोकी ति बाआमाहरू भिडियो कलबाट आफ्नो गाइबस्तु र खेतीपातीको चासो राखिरहन्छन् ।

*- कृष्ण कुइकेल, पोखरा*

## गजल



● यात्री प्रकाश पाण्डे

उसैले दमकल चलाउने जागिर पाएर आएको छ
जसले आफ्नै घरभित्र आगो सल्काएर आएको छ

त्यो मजदुर अब झुपडीमा कसरी निदाउन सक्छ ?
भर्खरमात्रै भव्य महल बनाएर आएको छ

दीर्घायु जति दुःखद कुरा केही रहेनछ दुनियाँमा
त्यो बाबुलाई हेर्नुस् मृत छोरा जलाएर आएको छ

ठिकै भो नआउनुपर्ने मान्छे आँखामा आएको बेला
आउनैपर्ने मेरो मान्छे आँखा गुमाएर आएको छ

सबैभन्दा दरिद्र त मन्दिर रहेछ, भगवान रहेछन
जसलाई माग्नेले पनि भेटी चढाएर आएको छ ।



# अबको थालनी
# सीप विकासमा लगानी

एकातिर सीप र दक्षता बिना युवा श्रम बजारमा आउँछन्, अर्कोतिर स्वदेशमै दक्ष कामदारको कमीका कारण उद्योगहरूले भारत वा बंगलादेशका कामदारमा निर्भर रहनु परेको छ। विदेश जाने युवाहरूको स्थिति पनि फरक छैन। अधिकांशसँग आवश्यक सीप र दक्षता नहुँदा उनीहरूले वैदेशिक रोजगारीमै पनि राम्रो कमाइ गर्न सकिरहेका छैनन्।

● अर्थ र रोजगार

नेपाली श्रम बजारमा प्रवेश गर्ने हरेक नेपाली आफ्नो उज्यालो भविष्यको खोजीमा छ। तर दुर्भाग्यवश, हाम्रो देशमा ठूलो श्रम शक्ति भए पनि यसलाई उपयोग गर्ने उचित अवसर र वातावरण छैन। व्यवसायिक दक्षता र सीपको अभावले गर्दा, ती युवा जो आफ्ना सपनाहरू पूरा गर्न आतुर छन्, विदेशको यात्रा रोज्न बाध्य हुन्छन्।

स्वदेशमा श्रमिक अभाव बढ्दै गर्दा, उद्योग र व्यवसायहरूले दक्ष कामदार पाउन कठिनाई भोगिरहेका छन्। राज्यले अझै उपयुक्त श्रम नीति बनाइसकेको छैन र श्रमको उचित मूल्य निर्धारणको अभावले स्वदेशी उद्योगहरू संकटमा छन्। परिणामस्वरूप, रोजगारका अवसरहरू विदेशमा पलायन हुने युवाहरूको हातमा सिमित छन्।

विदेश जाने युवाहरूको स्थिति पनि फरक छैन। अधिकांशसँग आवश्यक सीप र दक्षता नहुँदा उनीहरूले वैदेशिक रोजगारीमै पनि राम्रो कमाइ गर्न सकिरहेका छैनन्। एकातिर सीप र दक्षता बिना युवा श्रम बजारमा आउँछन्, अर्कोतिर स्वदेशमै दक्ष कामदारको कमीका कारण उद्योगहरूले भारत वा बंगलादेशका कामदारमा निर्भर रहनु परेको छ।

हाम्रो ठूलो श्रम शक्ति खेर जानु केवल व्यक्तिगत मात्र होइन, राष्ट्रिय क्षति पनि हो। अब समय आएको छ–नेपालले आफ्ना युवाको प्रतिभा पहिचान गर्ने, सीप विकासमा लगानी गर्ने र दक्ष श्रमिक उत्पादन गर्ने क्रम सुरु गर्नुपर्छ। अनि मात्र राष्ट्रको आर्थिक र सामाजिक उन्नतिको ढोका पनि खुल्छ।

सरकारले सीपयुक्त जनशक्ति तयार गर्ने उद्देश्यसहित यसै आर्थिक बर्षबाट लागू हुने गरी 'आन्तरिक रोजगारी दशक' नै घोषणा गरेको छ। श्रम मन्त्री शरतसिंह भण्डारी सीप नभएसम्म कुनै कुराको सम्भावना नहुने र यसैलाई मनन गरेर सरकारले रोजगारी दशक मनाउने घोषणा गरेको बताउँछन्।

मन्त्री भण्डारी भन्छन्- 'वैदेशिक रोजगारमा जाने क्रमलाई रोकेर रोक्न सकिदैन, यसैले स्वदेशमै धेरैभन्दा धेरै जनशक्तिलाई रोजगारी दिनका लागि निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढेका छौ र वैदेशिक रोजगारीमा



***शरतसिह भण्डारी,*** मन्त्री,
श्रम, रोजगार तथा सामाजिक सुरक्षा

## सीप नभएसम्म **कुनै कुराको सम्भावना हुँदैन**

सरकारले सीपयुक्त जनशक्ति तयार गर्ने उद्येश्यसहित यसै आर्थिक बर्षबाट लागू हुने गरी 'आन्तरिक रोजगारी दशक' घोषणा गरेको छ। सीप नभएसम्म कुनै कुराको सम्भावना नहुने भएकाले यसैलाई मनन गरेर सरकारले रोजगारी दशक मनाउने घोषणा गरेको हो।

वैदेशिक रोजगारमा जाने क्रमलाई रोकेर रोक्न सकिदैन, यसैले स्वदेशमै धेरैभन्दा धेरै जनशक्तिलाई रोजगारी दिनका लागि निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढेका छौ र वैदेशिक रोजगारीमा जानेलाई पनि सीपयूक्त बनाएर पठाउने तयारी थालेका छौं।

जानेलाई पनि सीपयूक्त बनाएर पठाउने तयारी थालेका छौ।'

अहिले पनि उद्योग-धन्दा तथा कलकारखानामा आवश्यक दक्ष कामदार, सुनचाँदी तथा गरगहना बनाउने, वर्कसपमा काम गर्ने, कम्प्युटर मोबाइल मर्मत गर्ने, इलेक्ट्रिसियन, छाला र छालाका जुत्ता उत्पादन गर्ने, भवन निर्माण गर्ने, अटो मोबिल्स मेकानिक, पेन्टर, वेल्डर, फर्निसिङ, प्लम्बिङ, टायल-मार्बल फिक्सिङ, कपाल काट्ने, टेलरिङ लगायतको प्राविधिक काममा सीपयुक्त जनशक्ति नहुँदा विदेशी कामदारले अवसर पाइरहेको अवस्था छ।

वैदेशिक रोजगार वोर्डका पूर्व कार्यकारी निर्देशक राजन श्रेष्ठ भन्छन् 'एकातर्फ स्वदेशभित्र आवश्यक सीपयुक्त तथा दक्ष कामदारको अभाव रहेको गुनासो छ भने अर्कोतर्फ आन्तरिक श्रम बजारमा रोजगारीको अवसर नभएको भन्दै युवा जनशक्ति वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दै गएको पाइन्छ। यी जनशक्तिलाई सीप सिकाएर दक्ष बनाई पठाउन नसक्दा अन्तर्राष्ट्रिय श्रम बजारमा नेपाली श्रमिकहरूले अत्यन्त सस्तोमा श्रम बेचिरहनु परेको अवस्था अझै विद्यमान छ।'

आन्तरिक रोजगारी अन्तर्गत अर्थतन्त्रका प्रमुख क्षेत्रहरूलाई प्राथमिक क्षेत्र, द्धितीय क्षेत्र तथा तृतीय (सेवा) क्षेत्र गरी तीन भागमा विभाजन गरी तिनीहरूको कार्य सम्पादन विश्लेषण गर्दा प्राथमिक क्षेत्रअन्तर्गत कृषि, वन तथा माछापालन पर्दछ भने द्धितीय क्षेत्रअन्तर्गत उद्योग, विद्युत, ग्याँस तथा पानी तथा तृतीय (सेवा) क्षेत्रमा वित्त, स्वास्थ्य तथा सामाजिक कार्य, घर जग्गा कारोबार, भाडा तथा व्यावसायिक सेवाहरू पर्दछन्। कूल ग्राहस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र र द्धितीय क्षेत्रका उद्योगको हिस्सा क्रमश घट्दै गएको छ। विभिन्न अनुसन्धानका प्रतिवेदन अनुसार उल्लेखित क्षेत्रमा सीपयुक्त जनशक्तिको माग बमोजिम आपूर्ति हुन सकेको देखिदैन।

नेपाल श्रमशक्ति सर्वेक्षण, २०७५ अनुसार पेसाको आधारमा सबैभन्दा बढी (६४.०७ प्रतिशत) प्राथमिक पेसामा संलग्न भएको देखिन्छ भने सेवा तथा वस्तु बिक्री गर्ने जनशक्ति (१०.८० प्रतिशत), शिल्पकला तथा कालिगढी सम्बन्धी व्यापार गर्ने जनशक्ति (८.७८ प्रतिशत) र कृषि, वन, माछापालन कार्यका जनशक्ति (६.२५ प्रतिशत) रहेका छन्। उच्च स्तरको जनशक्ति ज्यादै न्यून रहेको छ। उदाहरणका लागि व्यवस्थापकहरू ०.५३ प्रतिशत, पेसाविद्हरू तथा प्राविधिक तथा सहायक पेसाविद्हरू क्रमश ३.६४ प्रतिशत र १.९७ प्रतिशत मात्र रहेका छन्। सो सर्वेक्षण अनुसार कृषि, वन तथा माछापालनमा संलग्न ६३.५ प्रतिशत, उद्योगमा ५६.५ प्रतिशत, निर्माण क्षेत्रमा ६८.४ प्रतिशत, यातायात तथा भण्डारणमा ५७.५ प्रतिशत जनशक्तिले आधारभूत शिक्षा मात्र हासिल गरेका छन्। श्रमशक्तिको ठुलो हिस्सा अदक्ष जनशक्तिका रुपमा रोजगारीमा संलग्न रहेको अवस्था छ। उल्लेखित तथ्याङ्कले सीपयूक्त जनशक्तिको विकासमा विशेष ध्यान दिनुपर्ने आवश्यक्ता देखाँउदछ।

तथापी पछिल्ला वर्षहरूमा आवश्यक सीप सिकेर तथा दक्षता हाँसिल गरेर स्वदेशमै रोजगारीमा संलग्न हुने तथा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या बढ्न थालेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले निकालेको पछिल्लो 'नेपाल लेबर माइग्रेसन रिपोर्ट' अनुसार सन् २०१७/१८ सम्म वैदेशिक रोजगारमा जाने अदक्ष कामदारको संख्या ६४ प्रतिशत रहेकोमा क्रमशः त्यसमा कमी आउन थालेको छ।

वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार आर्थिक वर्ष २०८१/८२ मा वैदेशिक रोजगारीमा गएकामध्ये ६१ प्रतिशत श्रमिक दक्ष छन्। यो अघिल्लो आवको तुलनामा कम भएपनि त्यसअघि निरन्तर दक्ष कामदार जानेको संख्यामा बृद्धि आएको थियो। विभागका अनुसार २०८०/८१ मा वैदेशिक रोजगारीमा गएका कामदारमध्ये ७२ प्रतिशत दक्ष क्षमिक गएका थिए। यसअघि २०७८/७९ मा ४६ प्रतिशत मात्र दक्ष श्रमिक वैदेशिक रोजगारीमा गएका थिए।

विभागको पछिल्लो ५ बर्षको तथ्यांक हेर्ने हो भने कुल विदेशिएका ३१ लाख ४८ हजार ६७८ जनामा उच्च दक्ष १ हजार ८५५, व्यवसायिक ९ हजार २३३, अर्धदक्ष २ लाख ९० हजार ३२१, दक्ष १९ लाख ८ हजार ११ र अदक्ष कामदार ९ लाख ३९ हजार २० जना रहेका छन्।

वैदेशिक रोजगार ऐनमा वैदशिक रोजगारीमा जाँदा अनिवार्य तालिम लिनुपर्ने व्यवस्था गरिएको भए पनि यो पूर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन। तर पनि पछिल्ला वर्षमा सीप सिकेर जाने क्रममा सुधार हुनुलाई सकारात्मक रूपमा लिन सकिन्छ। उता तालिम नै नलिई नक्कली प्रमाणपत्र लिएर विदेश जाने प्रवृत्ति पनि बढ्न थालेपछि वैदेशिक रोजगार बोर्डले अनलाइन प्रणालीमार्फत तालिमको ट्र्याकिङ गर्ने व्यवस्था सुरु गरिसकेको छ।

वैदेशिक रोजगारीको क्रमलाई तत्काल न्यूनिकरण गर्न सकिने अवस्था नभएकाले

## दक्षताका आधारमा पछिल्लो **५ आर्थिक वर्षमा विदेशिएका नेपाली**को संख्या

| आ.व. | उच्च दक्ष | व्यवसायिक | अर्ध दक्ष | दक्ष | अदक्ष | जम्मा |
|---|---|---|---|---|---|---|
| ०७७/७८ | ६१ | २४६ | १५,५८३ | ७०,४२६ | ८०,३८२ | १,६६,६९८ |
| ०७८/७९ | १२५ | ६८० | ५४,३२८ | २,९१,८८९ | २,८३,०६८ | ६,३०,०९० |
| ०७९/८० | २५७ | १,१५३ | ६०,५५५ | ५,०६,७४६ | २,०२,६१६ | ७,७१,३२७ |
| ०८०/८१ | ७३२ | २,७७२ | ६०,१२३ | ५,३२,१२३ | १,४५,५४७ | ७,४१,२९७ |
| ०८१/८२ | ९३७ | ४,३७२ | ९९,७२३ | ५,०६,८२७ | २,२७,४०७ | ८,३९,२६६ |
| जम्माः | १,८५५ | ९,२२३ | २,९०,३२१ | १९,०८,०११ | ९,३९,०२० | ३१,४८,६७८ |

*स्रोत : वैदेशिक रोजगार विभाग*



***विष्णुगोपाल गड्तौला,*** बोर्ड सदस्य
राष्ट्रिय व्यावसायिक प्रशिक्षण
प्रतिष्ठान विकास समिति

## गुणस्तरीय तालिम प्रदान र **सीप परीक्षण** कार्य थाल्छौं

पहिलो चरणमा समितिले आन्तरिक रोजगारमा सीपयुक्त जनशक्ति विकास गर्नेगरी कार्यस्थलमा आधारित तालिमलाई प्राथमिकतामा राखेर अघि बढेको छ। आगामी दिनमा सबै क्षेत्रका लागि आवश्यक जनशक्ति उत्पादनका लागि काम सुरु हुनेछ। वैदेशिक रोजगारीमा जान सीपयुक्त तालिम अनिवार्य गर्ने नीति अनुसार नै समितिको परिकल्पना भएको हो। अव छिट्टै नियमावली र ऐन आएपछि हामी आन्तरिक र बाह्य दुवै क्षेत्रका लागि गुणस्तरीय तालिम प्रदान गर्ने र सीप परीक्षण गर्ने कार्य थाल्नेछौं।

वैदेशिक रोजगारीमा जानुअघि व्यावसायिक सीप सिक्न प्रोत्साहित गर्नुपर्ने श्रम विज्ञ डा. गणेश गुरुङ बताउँछन्। 'विदेशिने युवाहरूलाई दक्ष बनाएर पठाउन सके उनीहरूको आम्दानी बढ्ने मात्र होइन यसले राज्यलाई नै फाइदा पुऱ्याउछ' उनी भन्छन।

नेपालको अहिलेको आवश्यकता भनेको नै सीपयुक्त जनशक्ति हो। यदि हामीले राष्ट्र विकास गर्ने हो र समृद्ध राष्ट्र निर्माण गर्ने हो भने हाम्रो राष्ट्रिय प्राथमिकतामा सीपको विकास गरी सीपयुक्त नेपाल बनाउने हुनु पर्दछ। सीपविहिन र कामविहीनलाई कुनै न कुनै सीप प्रदान गरेर आधुनिक नेपालको निर्माणका लागि योगदान गर्न सक्ने बनाउनु पर्दछ।

यसैले पछिल्ला केही वर्षयता सरकार तथा नीजि क्षेत्रले रोजगार प्रवर्द्धनसँगै व्यवसायिक दक्षता तथा सीप बिकासलाई जोड दिएका छन। यस्तै विदेशबाट कमाएको सीप र पूँजीलाई स्वदेशमा प्रयोग गर्न उत्साही गर्ने खालका कार्यक्रमहरू पनि ल्याइरहेका छन्।

नेपालको आन्तरिक श्रम बजारमा माग भए बमोजिमका सीपयुक्त जनशक्ति उत्पादन गर्ने उद्देश्यले विभिन्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरूबाट आधारभूत तहदेखि सीप अभिवृद्धि तहका तालिमहरूका साथै प्रि-डिप्लोमा तथा डिप्लोमा तहको प्राविधिक शिक्षाका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। अर्कोतर्फ वैदेशिक रोजगार लक्षित विभिन्न प्रकारका आधारभूत सीप तालिमहरू समेत सञ्चालन हुँदै आएको पाइन्छ।

पछिल्लो समय भने आन्तरिक तथा वैदेशिक रोजगारीमा जानेहरूलाई लक्षित गरी नीजि क्षेत्रबाट अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय तालिम दिने संस्थाहरू पनि सञ्चालनमा आइसकेका छन।

### सीप बिकासमा सरकारको प्रयास

सरकारले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममै आगामी दशकलाई आन्तरिक रोजगारी दशक मनाइने घोषणासँगै सरकारले आन्तरिक रोजगारीको सिर्जना गर्ने तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारका माग अनुसार सीपयुक्त जनशक्ति तयार गर्न राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठानको भूमिकालाई प्रभावकारी बनाउने भएको छ।

नीति तथा कार्यक्रममा विद्यालय शिक्षा पूरा गर्नासाथ विद्यार्थीको ग्रेडिङको आधारमा प्राविधिक तथा व्यवसायिक शिक्षा वा विश्वविद्यालयमा प्रवेश गराइने तथा प्राविधिक शिक्षाको धारलाई विश्वविद्यालय तहसम्म पुऱ्याइने उल्लेख छ।

यस्तै आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा पनि मुलुकको अर्थतन्त्रमा विद्यमान प्रमुख चुनौतीमा मुलुकको श्रम बजार र उत्पादित जनशक्तिबीच सामन्यस्यता कायम हुन नसकेको विषय चर्चा गर्दै भनिएको छ 'औधोगिक र निर्माण क्षेत्रमा आवश्यक जनशक्ति विदेशबाट आपूर्ति भइरहेको छ। स्वदेशमा पर्याप्त अवसर सिर्जना हुन नसक्दा दक्ष र अर्धदक्ष जनशक्ति समेत विदेश पलायन हुने प्रवृत्ति चिन्ताजनक अवस्थामा छ।'

बेरोजगारी समस्या दिगोरुपमा समाधान गर्न श्रम बजारको माग अनुसार युवा जनशक्तिको सीप र दक्षता विकास गर्न राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि १ अर्ब ९९ करोड बजेट विनियोजन गरिएको छ। यस्तै रोजगारीको खोजीमा रहेका सीपयुक्त व्यक्तिको विवरण अद्यावधिक गरी श्रम बजारमा जोड्न रोजगार पोर्टल सञ्चालन गरिने बजेटमा उल्लेख छ।

यस्तै स्वदेशी उद्योगको मागको आधारमा आवश्यक जनशक्ति उत्पादन गर्न पाठयक्रम परिमार्जन गरी 'अन द जव' तथा 'एपरेन्टसीप' कार्यक्रम सञ्चालन गर्ने तथा उद्योगका लागि आवश्यक पर्ने सीपयुक्त जनशक्ति आपुर्ति गर्न विश्वविद्यालय, प्राविधिक शिक्षालय र व्यवसायिम तालिम केन्द्रसँगको समन्वयमा प्राविधिक तथा व्यवसायिक तालिम सञ्चालन गर्ने भनिएको छ।

छ महिनाभन्दा कम अवधिको व्यवसायिक तथा सीप विकास तालिम राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठान र प्रदेश स्तरबाट सञ्चालन गर्ने र तालिमको गुणस्तर सुनिश्चित गर्न पाठयक्रम र प्रयोगात्मक शिक्षणको एकीकृत मापदण्ड लागू गरिने उल्लेख गर्दै बजेटले क्षमतावान, उद्यमशिल र उत्पादक मानव पुँजी विकासको लक्ष्य राख्दै अध्ययनका लागि मुलुक बाहिर जाने प्रवृत्तिमा कमि ल्याउन र रोजगार बजार अनुसारको जनशक्ति विकासमा पनि जोड दिएको छ।

चिकित्साशास्त्र, इन्जिनियरिङ, सूचना प्रविधि, नर्सिङ लगायतका प्राविधिक विषयमा जनशक्ति अभाव हुन नदिन विद्यमान मापदण्ड पुनरावलोकन गरी अध्ययन कोटा बृद्धि गर्ने, विद्यालय शिक्षा पुरा गरेका विद्यार्थीलाई नतिजाको आधारमा प्राविधिक तथा व्यवसायिक शिक्षा वा विश्वविद्यालय शिक्षामा आवद्ध हुन प्रोत्साहित गर्ने सरकारको योजना रहेको



छ । यस्तै उच्च शिक्षा अध्ययन गर्न नसकेका युवाहरूलाई सीपमूलक तालिमका माध्यमबाट उद्यमशिल बनाउने सरकारको योजना रहेको छ । आगामी वर्ष प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट २६ हजार ९ सय युवाहरूलाई ६ महिनाभन्दा बढी अवधिको तालिम प्रदान गर्ने सरकारको लक्ष्य छ ।

प्रत्येक प्रदेशमा एक-एक प्राविधिक शिक्षालय छनौट गरी नमुना शिक्षालयमा स्तरोन्नती गर्ने, सेवाको प्रकृतिको आधारमा सार्वजनिक निकायमा इन्टर्न परिचालन गर्ने र उद्यमशिलतामैत्री शिक्षालाई प्रोत्साहन गर्न हप्तामा २० घण्टा कामको न्युनतम ज्यालासहित 'कमाउँदै पढ्दै कार्यक्रम' सञ्चालन गर्ने बजेटमा उल्लेख छ ।

राष्ट्रिय युवा परिषद्को समन्वयमा १६ वर्षमाथिका युवालाई निश्चित मापदण्डका आधारमा राष्ट्रिय स्वयंसेवक परिचयपत्र प्रदान गरिने र उनीहरूलाई तालिम तथा प्रशिक्षणबाट योग्य बनाई शिक्षा, स्वास्थ्य, सामाजिक जागरण, वातावरण संरक्षण, विपतमा उद्धार, राहत र पुनर्स्थापनाका लागि परिचालन गरिने तथा शिक्षित युवालाई उद्यमशील र स्वरोजगार बनाउन शैक्षिक योग्यता, व्यवसाय दर्ता, सीप परीक्षणको प्रमाणपत्र र परियोजनाको प्रस्तावको आधारमा विनाधितो २ लाखदेखि २० लाखसम्म तीन प्रतिशत व्याजदरमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने बजेटमा उल्लेख छ ।

गृहिणी महिलाको श्रम र सीपलाई साना तथा घरेलु उद्यमसँग जोड्न क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने, यस्तै कारागारलाई सुधार गृहमा रुपान्तरण गर्न पूर्वाधार विकास, सीपमूलक तालिम, उद्यमको लागि सहयोगी वातावरण र मनोसामाजिक परामर्श उपलब्ध गराउने, गैरआवासीय नेपालीको ज्ञान, सीप, पुँजी, प्रविधि, सञ्जाल र पहुँचलाई राष्ट्रिय विकासमा उपयोग गर्ने जस्ता विषयलाई पनि सरकारले समेटेको छ ।

यस्तै सरकारले बजेटमार्फत स्टार्टअप उद्यमीलाई सीप विकास, व्यवसाय विस्तार, बजारीकरण र मूल्य श्रृंखलामा आवद्ध गर्न तीन



प्रतिशत व्याजदरमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन ७३ करोड बजेट विनियोजन गरेको छ भने दलित समुदायको सीप, कला र पेशाको संरक्षण गर्न पुँजीगत अनुदान, सहुलियतपूर्ण र कर्जा र सीप विकास तालिमका लागि ५० करोड विनियोजन गरेको छ ।

तथापी सीप विकासमा सरकारी प्रयास अझै पनि फितलो देखिएको भन्दै महालेखा परीक्षकको ६२औं वार्षिक प्रतिवेदन, २०८२ ले श्रम बजारको माग अनुसार श्रमिकको सीप र दक्षता अभिवृद्धि गर्नेगरी क्रियाकलाप भएको नदेखिएकाले श्रम दक्षता प्रतिस्थापनमा विभागले प्रभावकारी भूमिका खेल्नुपर्ने औंल्याएको छ ।

**दक्षता अभिवृत्तिका लागि विकास समिति**

देश संघीय संरचनामा गएपछि व्यवसायिक तथा सीप विकास तालिम केन्द्रहरूलाई पुनः संरचना गरेर भैसेपाटी, बुटवल र इटहरीमा रहने गरी तीन (३) वटा तालिम केन्द्रहरूलाई वि.सं. २०७५ सालमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानको रुपमा रहने निर्णय भएको थियो । यसलाई थप बृहतरुपमा अघि बढाउन सरकारले वि.स. २०८० मा प्रतिष्ठानलाई राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समितिमा रुपान्तरण गरेको छ ।

अदक्ष जनशक्तिलाई सीप सिकाएर आन्तरिक तथा अन्तर्राष्ट्रिय श्रम बजारका लागि प्रतिस्पर्धी बनाउने उद्धेश्यसहित सरकारले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति गठन आदेश २०८० स्वीकृत गरेपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम सचिवको अध्यक्षतामा १२ सदस्यीय सञ्चालक समिति रहने गरी विकास समिति गठन गरेको हो ।

योसँगै भैँसेपाटी, इटहरी र बुटलवमा रहेको व्यावसायिक तथा सीप विकास प्रतिष्ठान विकास समितिमा परिणत भएको छ । समितिका बोर्ड सदस्य विष्णु गोपाल गडतौलाले सातै प्रदेशमा विकास समितिलाई पुऱ्याउने उद्धेश्य अनुसार छिट्टै मधेश प्रदेशमा समिति विस्तार हुन लागेको जानकारी दिए ।

उनका अनुसार पहिलो चरणमा समितिले आन्तरिक रोजगारमा सीपयुक्त जनशक्ति विकास गर्नेगरी कार्यस्थलमा आधारित तालिमलाई प्राथमिकतामा राखेर अघि बढेको छ । 'अहिले समितिले कार्यस्थलमा आधारित तालिमलाई प्राथमिकतामा राखेर काम गरिरहेको छ, आगामी दिनमा सबै क्षेत्रका लागि आवश्यक जनशक्ति उत्पादनका लागि काम सुरु हुनेछ' उनले भने ।

वैदेशिक रोजगारीमा जान सीपयुक्त तालिम अनिवार्य गर्ने नीति अनुसार नै समितिको परिकल्पना भएको गड्तौलाले बताए । 'हामी वैदेशिक रोजगारीमा जाने कामदारलाई दक्ष बनाउन तयारी अवस्थामा छौ' उनले भने 'समितिको गठन आदेश मात्र हुँदा काम गर्न केही कठिनाई भैरहेको छ, अब छिट्टै नियमावली र ऐन आएपछि हामी आन्तरिक र बाह्वय दुवै क्षेत्रका लागि गुणस्तरीय तालिम प्रदान र सीप परीक्षण



***टेकबहादुर पौडेल,*** संचालक
मदरल्याण्ड स्कील एकाडेमी

## अबको आवश्यकता **सीप र तालिम** नै हो

हामीले स्वदेश तथा विदेश जाने युवायुवतीहरूका लागि अन्तर्राष्ट्रियस्तरको तालिम दिइरहेका छौ । जब सरकारले नै तालिमलाई अनिवार्य गर्छ, युवाहरू आफै सचेत हुन्छन् अनि हामी व्यवसायी जिम्मेवार हुन्छौ, तव मात्र तालिम प्रभावकारी हुन्छ । मैले ठुलो लगानी गरेर तालिम प्रदान गरिरहेको छु, यस्ता तालिम प्रदायक संस्था धेरैभन्दा धेरै खुल्नुपर्छ अनि प्रमाणपत्रका लागि मात्र नभएर सीप प्रदान गर्न सक्नुपर्छ । हामी चै यो यात्रामा हिडिरहेका छौ । अबको आवश्यकता भनेकै सीप र तालिम नै हो ।

कार्य थाल्नेछौ ।'

विकास समितिले स्वदेश वा विदेशमा रोजगारीका लागि उपयोगी हुने विभिन्न विषय (ट्रेड) का निर्धारित पाठ्यक्रम अनुसार छ महिनाको प्रशिक्षण दिने छ। त्यो प्रशिक्षण कम्तीमा ७३० कार्यघण्टाको हुन्छ।

समितिले दक्ष प्रतिस्पर्धी, सीपयुक्त तथा उद्यमशीलता जनशक्ति उत्पादन गर्नका लागि आवश्यक पर्ने प्रशिक्षण कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी दीर्घकालीन तथा अल्पकालीन नीति तर्जुमा गर्ने, श्रम बजारको माग अनुरूप दक्ष जनशक्ति उत्पादन गर्नका लागि आवश्यक प्रशिक्षणको विषय पहिचान तथा छनोट गर्ने, समितिको वार्षिक योजना कार्यक्रम तथा बजेट स्वीकृत गर्ने छ।

यस्तै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)ले पनि विभिन्न प्राविधिक विषयमा प्रमाणपत्र तह, प्रि-डिप्लोमा र डिप्लोमा तह सञ्चालन गर्दै आएको छ।

द्विपक्षीय सम्झौताअन्तर्गत हेल्भेटास-स्वीस इन्टर अपरेशनसको प्राविधिक सहयोगमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा सञ्चालित 'सुरक्षित आप्रवासन सामी' परियोजनाले सीप विकासमा सुरक्षित आप्रवासन कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१ अन्तर्गत वैदेशिक रोजगारीमा जाने निर्णय गरेका व्यक्तिलाई लक्षित गरी कम्तीमा बार्षिक पाँच हजार जनालाई राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठान मार्फत सीप बिकास तालिम सञ्चालन गर्न कार्यक्रमले प्राविधिक सहयोग उपलब्ध गराउने जनाइएको छ। ध

यस्तै सामीले प्रतिष्ठानलाई सीपमूलक तालिम सम्वन्धि पाठयक्रम विकास, सीप परीक्षण तथा प्रमाणिकरणको लागि प्राविधिक सहयोग र अन्तर्राष्ट्रिय श्रम बजारका रोजगारदाता र तालिम प्रशिक्षार्थीबीच रोजगार आवद्धताका लागि सहयोग गर्ने देखि सीपको अन्तर्राष्ट्रिय प्रमाणिकरण गर्ने सम्वन्धित




सिटिइभिटीबाट सम्वन्धन लिएर देशभर ६३ आंगिक र प्रतिष्ठान एवं निजी गरी चार सयभन्दा बढी कलेजमा प्राविधिक विषयमा पठनपाठन हुने गरेको छ। यी कलेजमा २५ हजारभन्दा बढी नयाँ विद्यार्थी हरेक वर्ष भर्ना हुने गरेको सिटिइभिटीका परीक्षा नियन्त्रक उमेश मिश्रले बताए।

यस्तै वैदेशिक रोजगार बोर्डले गत आर्थिक वर्ष २०८१/८२ को प्रगति विवरण सार्वजनिक गर्ने क्रममा उक्त अवधिमा वैदेशिक रोजगारमा जान चाहने १५ हजार युवालाई निःशुल्क सीप विकास तथा उद्यमशिलता तालिम दिने लक्ष्य राखिएकोमा १४ हजार ४५८ जनालाई तालिम प्रदान गरिएको तथा वैदेशिक रोजगारीमा रहेका व्यक्तिका परिवार र वैदेशिक रोजगारीबाट फर्किएका ५ हजार जनालाई सीप विकास तालिम दिने लक्ष्य राखिएकोमा ४ हजार ५६१ जनालाई तालिम प्रदान गरिएको जानकारी दिएको छ।

यस्तै सङ्घीय सरकार र स्वीस सरकारबीचको निकायसँग समन्वय तथा सहकार्य गरी सीपको अन्तर्राष्ट्रिय प्रमाणिकरण सहितको तालिम सञ्चालन गर्नेसम्म जनाएको छ।

**नीजी क्षेत्रबाट अन्तर्राष्ट्रिय स्तरका तालिम केन्द्रहरू सञ्चालनमा**

श्रममन्त्री भण्डारीले गत चैत्रमा आइएमई ग्रुप र आईएक्सआई कर्पले रोजगार बजारमा दक्ष जनशक्तिको माग पूरा गर्नेगरि सञ्चालनमा ल्याएको अन्तर्राष्ट्रिय स्तरको तालिम केन्द्र 'काठमाडौं टेक्निकल स्कुल'को शुभारम्भ गरेका थिए।

उक्त अवसरमा राष्ट्रिय व्यवसायीक प्रशिक्षण प्रतिष्ठानका निर्देशक रमेश बखते र काठमाडौं टेक्निकल स्कुलका सिईओ उपेन्द्र घिमिरेले १० वर्षमा १ लाख दक्ष जनशक्ति उत्पादन गर्न केटिएसले सहयोग गर्ने समझदारी पत्रमा हस्ताक्षर समेत गरेका छन्।

नेपाल उद्योग वाणिज्य महासंघ तथा आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले काठमाडौं टेक्निकल स्कुलको औपचारिक सञ्चालनसँगै अब आइएमई ग्रुप प्राविधिक जनशक्ति उत्पादनका क्षेत्रमा अगाडि बढेको जानकारी दिएका थिए। यस स्कुलले थप हजारौं युवालाई रोजगार तथा स्वरोजगार बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने उनले बताए।

काठमाडौं टेक्निकल स्कुल (केटीएस) का अध्यक्ष मनोज पौडेलले आगामी १० वर्षमा १ लाख दक्ष जनशक्ति उत्पादन गर्ने सरकारको लक्ष्य प्राप्तिमा स्कुलले सहयोग पुऱ्याउने बताए। साथै केटीएसले युवाहरूलाई विश्वस्तरीय तालिम तथा शिक्षा प्रदान गर्ने लक्ष्य राखेको समेत उनले जानकारी दिए।

यस्तै काठमाडौको बसुन्धरामा सञ्चालनमा रहेको मदरल्याण्ड स्किल एकेडेमीले आन्तरिक तथा बाह्य रोजगारीका लागि दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्यसहित अन्तर्राष्ट्रिय मापदण्डसहितको सिजर्स र इराटा युकेबाट मान्यता प्राप्त तालिम र प्रमाणपत्र प्रदान गर्दै आएको छ। सिटिइभिटीबाट पनि मान्यता प्राप्त यस एकेडेमीले विभिन्न क्षेत्रका तालिम सञ्चालन गरिरहेको छ।

एकेडेमीले पाचौं राष्ट्रिय श्रम तथा रोजगार सम्मेलनमा सीपमूलक तालिम प्रदानका लागि सरकारसँग समझदारी पत्रमा हस्ताक्षरसमेत गरेको छ। सरकारसँगको यो सहकार्यले तालिम प्रदान गर्नका लागि थप हौसला मिलेको बताउँदै मदरल्याण्ड ग्रुपका अध्यक्ष टेकबहादुर पौडेलले आगामी दिनमा थप गुणस्तरिय तालिम प्रदानका लागि संस्था सधैं प्रतिवद्ध रहने जानकारी दिएका छन्।

'सरकारले तालिमलाई अनिवार्य गरेमात्र युवाहरू आफै सीप बिकासमा सचेत हुने, तालिम केन्द्रहरू जिम्मेवार हुने र यसले तालिम पनि प्रभावकारी हुने छ' उनले भने 'यस्ता तालिम प्रदायक संस्था धेरैभन्दा धेरै खुल्नुपर्छ अनि प्रमाणपत्रका लागि मात्र नभएर सीप प्रदान गर्न सक्नुपर्छ। अवको आवश्यकता भनेकै सीप र तालिम नै हो।'

द रिभर ग्रुपले ग्लोबल ट्रेनिङ इन्सिच्युट प्रा.लि.मार्फत अन्तर्राष्ट्रिय स्तरको विभिन्न सीपमूलक तालिम प्रदान गरिरहेको छ। आन्तरिक रोजगारीका लागि दक्षता प्रदान गर्नुका साथै वैदेशिक रोजगारको क्षेत्रमा प्रतिष्पर्धी बनाएर अवसरका लागि योग्य बनाउने उद्देश्यले तालिमहरू सञ्चालन भैरहेको द रिभर ग्रुपका अध्यक्ष रघु पुरीले जानकारी दिएका छन।

यस्तै जापान जाने कामदारलाई भाषा र सीपमा दक्ष बनाउने उद्देश्यले काठमाडौंको गैरिधारामा हार्भेस्ट मुन ग्रुप अफ कम्पनीजले ग्लोबल स्किल ट्रेनिङ सेन्टर सञ्चालन गरेको छ। सेन्टरले जापान जान इच्छुक युवाहरूलाई जापानी भाषा, केयर गिभर, रेस्टुरेन्ट सेवा, स्काई फोल्डिङ लगायतका विभिन्न सीप प्रदान गर्ने जानकारी दिदै हार्भेस्ट मुन ग्रुपका अध्यक्ष राम श्रेष्ठले भने 'भाषा मात्र नभई सीप पनि अत्यावश्यक भएकाले यो सेन्टर स्थापना गरेका हौं।'

# सय नपुगेका मेनपावर कम्पनी नवीकरण खुल्दा 'जस' लिने होडबाजी

गत आर्थिक बर्षमा सय जना कामदार पठाउन नसकेका मेनपावर कम्पनीको इजाजत नवीकरणको बाटो खुलेसँगै व्यवसायीबीच 'जस' लिने होडबाजी सुरु भएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार विभागलाई सय संख्या नपुगेका कम्पनीको इजाजत नवीकरण गर्न निर्देशन दिएपछि गत आर्थिक वर्षदेखि रोकिएका सयौं कम्पनी पुनः सञ्चालन हुने भएका हुन् । यससँगै व्यवसाय नै बन्द हुने हो कि भन्ने चिन्तामा रहेका व्यवसायीले राहतको सास फेरेका छन् ।

तर, नवीकरण समस्या समाधानको श्रेय लिन व्यवसायीका संघ-संगठनबीच प्रतिस्पर्धा बढेको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले एक विज्ञप्तीमार्फत सय जना कामदार पठाउनैपर्ने बाध्यात्मक प्रावधान खारेज गर्न मार्गप्रशस्त गरेकोमा श्रम मन्त्री शरतसिंह भण्डारी, सचिव, महाशाखा प्रमुख, कानुन शाखा प्रमुख, महानिर्देशक, कर्मचारीलगायत सबैलाई आभार प्रकट गरेको छ ।




नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष दीपक थापाले समस्या समाधानको श्रेय आफ्नो एशोसिएसन र संघको वर्तमान कार्यसमितिलाई दिएका छन् । उनले "पटक-पटकको गहन छलफलले पूर्ण सार्थकता पाएको" दाबी गर्दै लोकतान्त्रिक एशोसिएसनको भूमिकालाई मुख्य कारणका रूपमा प्रस्तुत गरेका छन् ।

यता, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चका अध्यक्ष जनक रावलले श्रेय संघको निवर्तमान कार्यसमिति र आफ्नो मञ्चलाई दिएका छन् । उनले भनेका छन्-' कसको भूमिका कस्तो रहयो भन्ने व्यवसायीले बुझ्नु भएकै छ, संघको निवर्तमान कार्यसमिति र मञ्चले निरन्तर गरेको पहलकदमी नै अहिलेको परिणाम हो ।'

वैदेशिक रोजगार ऐन २०६४ मा रहेको बार्षिक 'सय जना' कामदार पठाउनै पर्ने प्रावधान हालै संशोधन भएर हटाइएको हो । राष्ट्रपतिबाट प्रमाणीकरण र राजपत्रमा प्रकाशन भएपछि पनि विभागले नीति स्पष्ट नभएको भन्दै मन्त्रालयसँग राय मागेको थियो ।

श्रममन्त्री शरतसिंह भण्डारीको आग्रहमा महान्यायाधिवक्ता कार्यालयले साउन २३ गते राय दिँदै "सय संख्या नपुगेका कम्पनीको नवीकरणमा कानुनी बाधा छैन" भनेपछि मन्त्रालयले मन्त्रीस्तरीय निर्णय गरेर विभागलाई पत्र पठाएको हो ।

महान्यायाधिवक्ताको रायअनुसार २०८२ असार मसान्तसम्म निवेदन दिएका र इजाजतपत्र रद्द नभएका कम्पनीलाई अब सहजै नवीकरण गर्न सकिने भएको हो । विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले तोकिएको प्रक्रिया पूरा गरेर तत्काल नवीकरण सुरु हुने जानकारी दिए । 'हामी नवीकरणका लागि तयार छौं, अब सँधैका लागि बाटो खुल्यो' उनले भने ।

गत वर्ष असार मसान्तसम्म ३२६ मेनपावर कम्पनीले सय जना कामदार पठाउन नसकेका कारण कारोबार रोक्का भएको थियो । संघले समस्या समाधानका लागि तृतीय उपाध्यक्ष वैकुण्ठ प्रसाद पौडेलको संयोजनमा पहल गरेको थियो ।

आम व्यवसायीहरू भने श्रममन्त्री भण्डारीले कानुनी अवरोध स्थायी रूपमा हटाइदिएकोमा एकमत छन् । सबै व्यवसायीले मन्त्री भण्डारी र मन्त्रालयका कर्मचारीलाई सय संख्याको समाधान सँधैका लागि अन्त्य गरिदिएको भन्दै जस दिएका छन् ।




रोजगार
एनआरएन
अर्थ
लगायतका गतिविधिका लागि
लग अन गर्नुहोस्
रोजगार मञ्च
rojgarmanch.com

# 'मलेसिया रोजगारीमा सिण्डिकेटको प्रयास भए स्वीकार्य हुँदैन'



मलेसिया रोजगारीको भर्ना प्रक्रिया केही व्यक्ति र समूहको कब्जामा पार्ने प्रयास भएको भन्दै वैदेशिक रोजगार व्यवसाय सम्वद्ध संघसंस्थाहरूले यसप्रति आक्रोश प्रकट गर्दै यस कार्यको प्रतिवाद गर्ने चेतावनी दिएका छन्।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले लामो समयदेखि बन्द रहेको मलेसिया रोजगारी खुला हुने तयारीमा रहेको अवस्थामा केही नेपाली तथा विदेशी गिरोहहरूको मिलेमतोमा मलेसिया सरकारलाई समेत गलत तरिकाले प्रभावमा पारी विभिन्न सिस्टमका नाममा नेपाली श्रमिकहरूलाई थप आर्थिक भार हुने र मलेसिया रोजगारीको अवसरलाई केही सीमित व्यक्तिको नियन्त्रणमा लैजान खोज्नु सर्वदा अनुचित र असम्भव प्रयास भएको जनाएको छ।

संघले एक विज्ञप्ती नै निकालेर मलेसिया लगायत जुनसुकै श्रम गन्तव्यमा सिण्डिकेट खडा गर्ने प्रवित्तिका विरुद्ध शसक्त प्रतिकार गरी त्यस्ता समूहलाई परास्त गर्ने जनाएको छ। 'संघमा आवद्ध व्यवसायीहरूलाई कुनै पनि प्रकारको सिण्डिकेटमा सहभागी नहुन र प्रत्यक्ष वा अप्रत्यक्षरुपमा लगानी नलगाउन आग्रहसहित सचेत गराउछौं' संघका अध्यक्ष भुवनसिंह गुरुङले भनेका छन् 'व्यवसायीका हित विपरितका कुनै पनि प्रयासहरू विफल बनाउन संघ प्रतिवद्ध छ, यस्ता कार्यमा संलग्न हुने व्यवसायीलाई संघको विधान अनुसार कारवाही गर्छौं।'

यता नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले पनि मलेसिया रोजगारीमा सिण्डिकेट लगाउने प्रयासप्रति आफ्नो गम्भिर ध्यानाकर्षण भएको जनाउदै यस्तो प्रयास भएमा कडा प्रतिवाद गर्ने जनाएको छ। सिण्डिकेट लगाउन खोजे त्यस्ता सिण्डिकेटधारीलाई सार्वजनिक गर्न र कानुनी कारवाही गर्न एशोसिएसनले कुनै कसर बाँकी नराख्ने भन्दै सम्वन्धित निकायहरूमा ध्यानाकर्षण पत्रसहित खबरदारी गरिएको एशोसिएसनका अध्यक्ष दीपक थापाले बताएका छन्।

केही व्यवसायीहरू भित्रभित्र सिण्डिकेटमा लगानी गरेर बाहिर बिरोध गरेजस्तो गर्ने गरेको सुन्नमा आएकोमा यस्ता दोहोरो चरित्र नदेखाउन एशोसिएसनले ध्यानाकर्षणसमेत गराएको छ। 'मलेसिया रोजगारी आफ्नो नियन्त्रणमा लिन खोज्ने कुनै पनि सिण्डिकेट हामीलाई स्वीकार्य छैन र यस्ता प्रयास विफल बनाउन कुनै कसर बाँकी नराख्ने प्रतिवद्धता गदर्छौं' एशोसिएसनका अध्यक्ष थापाले भने 'व्यवसायीहरूलाई आतंकित बनाउदै दोहोरो चरित्र देखाउने समूहलाई पहिचान गरी कारवाहीको दायरामा ल्याउन सरकारसमक्ष जोडदार माग गदर्छौं।'

**अन्तर्राष्ट्रिय स्तरसम्म मुद्दा लैजाने मञ्चको तयारी**

यता मलेसिया रोजगारीको भर्ना प्रक्रिया केही व्यक्ति र समूहको कब्जामा पार्ने प्रयासले नेपाली श्रमिकको भविष्य नै संकटमा पार्ने अवस्था देखिएको भन्दै प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चले उच्च सरकारी तहदेखि अन्तर्राष्ट्रिय निकायसम्म सक्रिय कूटनीतिक पहल सुरु गर्दै सिण्डिकेटको सञ्जाल तोड्ने जनाएको छ।

मलेसिया रोजगारी सिण्डिकेट गर्ने प्रयासविरुद्ध ध्यानाकर्षण गराउदै मञ्चका अध्यक्ष जनक रावलको नेतृत्वको प्रतिनिधिमण्डलले नेपाल सरकारका उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेल, संसद्का सभामुख देवराज घिमिरे, उद्योग, वाणिज्य तथा श्रम तथा उपभोक्ता हित समितिका सभापति अब्दुल खान तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका मन्त्री शरतसिंह भण्डारी र सचिव कृष्णहरी पुस्करसँग छुट्टाछुट्टै भेट गरी ज्ञापनपत्र बुझाएको छ।

अध्यक्ष रावलले भेटका क्रममा मलेसिया भर्ना प्रक्रियामा पारदर्शिता, प्रतिस्पर्धा र श्रमिकको हीत सुनिश्चित हुनुपर्नेमा जोड दिएका थिए। "सिण्डिकेटको अभ्यासले व्यवसायी मात्र होइन, लाखौं नेपाली श्रमिकको भविष्य जोखिममा पर्छ," अध्यक्ष रावलले भने, "सरकारले निष्पक्ष र खुला प्रक्रिया अवलम्बन गर्नुपर्छ।"

सो अवसरमा अर्थमन्त्री पौडेलले श्रमिक हितविरुद्ध कुनै पनि व्यवस्था सरकारको प्राथमिकतामा नपर्ने बताउदै सिण्डिकेटजस्तो अभ्यासलाई रोक्ने कदम अघि बढाउने आश्वासन दिएका थिए। यस्तै सभामुख देवराज घिमिरेले सिण्डिकेटले श्रमिक र व्यवसायी दुवैलाई हानी पुर्‍याउँने भन्दै यस विषयमा सम्बन्धित निकायहरूसँग तत्काल छलफल गर्ने बताएका थिए भने समितिका सभापति अब्दुल खानले कुनै समूहको पक्षमा नियम बनाउन नदिन समिति सजग रहने बताएका थिए। त्यस्तै, मन्त्री भण्डारी र सचिव पुस्करले वैदेशिक रोजगार क्षेत्रमा नीतिगत स्पष्टता र समन्वयको आवश्यकता औंल्याउँदै आवश्यक छलफल र सुधारका लागि मन्त्रालय प्रतिबद्ध रहेको बताएका थिए।

मञ्चले यस अभियानलाई निरन्तरता दिंदै प्रधानमन्त्री केपी शर्मा ओली, परराष्ट्र मन्त्रालयका सचिव अमृत राई, विभिन्न राजनीतिक दलका सचेतक र अन्तर्राष्ट्रिय श्रमिक संगठनहरूसँग पनि छलफल गर्ने तयारी गरेको जनाएको छ। साथै, निकट भविष्यमा मलेसिया नै पुगेर यो विषयलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उठाउने योजना रहेको अध्यक्ष रावलले बताएका छन्।

# प्याराडाइजको रजत महोत्सव :
# एक लाख बढीलाई दिलायो रोजगारी



२५ वर्ष कुनै संस्थाको लागि केवल समयको संख्या मात्र होइन, संघर्ष, त्याग, श्रम र विश्वासले बुनेको एउटा महत्वपूर्ण यात्रा हो । यही यात्रा पुरा गरेर प्याराडाइज इन्टरनेशनल प्रालिले आफ्नो रजत महोत्सव मनाएको छ ।

एक भव्य कार्यक्रमको आयोजना गरेर वैदेशिक रोजगार क्षेत्रको अग्रणी संस्था प्याराडाइजले आफ्नो रजत महोत्सव मनाउँदै विगतलाई सम्झियो, वर्तमानलाई सम्मान गऱ्यो र भविष्यलाई नयाँ संकल्पसहित अघि बढाउने घोषणा गऱ्यो ।

सन् २००० को सुरुवातितिर, केवल १० जना कर्मचारी र एउटा सानो स्थानबाट सुरु भएको यो कम्पनी, आज ललितपुरको बखुण्डोलस्थित आफ्नै भवनमा १२० जना कर्मचारीसहित उभिएको छ ।

कम्पनीका अध्यक्ष नवराज केसीले संस्थाको सफलता आफ्नो मात्र नभई प्याराडाइजलाई रोजगारीको ढोका बनाएका हजारौँ युवायुवती र समर्पित कर्मचारीहरूको फल भएको बताएका छन् । २५ वर्षको यात्रामा प्याराडाइजले साउदी अरेबिया, कतार, यूएई, कुवेत, ओमान, मलेसिया, जापानलगायत दर्जनौँ मुलुकमा एक लाखभन्दा बढी युवायुवतीलाई रोजगारी दिलाएको छ ।

अध्यक्ष केसी भन्छन्-'तमाम समस्याका बाबजुद पनि आज देशले जसरी सास फेरिरहेको छ, त्यसको मुख्य कारण वैदेशिक रोजगारीमा गएका नेपालीहरूको पसिना हो, हामी गर्वका साथ भन्न सक्छौँ–हाम्रै कारण देशको अर्थतन्त्र जोगिएको छ ।'

यो महोत्सव केवल तामझाम र बधाईको मात्र थिएन । यसले दुःखमा रहेका केही परिवारलाई आशाको दीप पनि बाल्यो । प्याराडाइजमार्फत यूएई गएका तर क्यान्सरका कारण घर फर्कनु परेका युवराज चौलागाईं र मानसिक समस्याबाट ग्रस्त हिमाल पौडेललाई कम्पनीले जनही ७५ हजार रुपैयाँ सहयोग गऱ्यो ।

सो अवसरमा २५ वर्षे यात्रामा कम्पनीसँग अभिन्न रूपमा जोडिएका कर्मचारीलाई पनि सम्मान गरिएको थियो । प्याराडाइजले लामो समयदेखि सेवा गर्दै आएका सुमन पाठक र ब्रजेश केसीलाई जनही १ लाख १ हजार १ सय ११ रुपैयाँ नगदसहित प्रमाणपत्र प्रदान गरेको थियो । साथै करिब अढाइ दर्जन कर्मचारीलाई मायाको चिनो प्रदान गरिएको थियो भने वरिष्ठ अधिवक्ता तथा कानुनी सल्लाहकार देवराज कटुवाललाई विशेष सम्मान गरिएको थियो ।




कार्यक्रममा प्रमुख अतिथि नेपाली कांग्रेसका कोषाध्यक्ष तथा पूर्व स्वास्थ्य राज्यमन्त्री उमेश श्रेष्ठले निजी क्षेत्रलाई सहज वातावरण उपलब्ध गराउन सरकारसँग आग्रह गरे । प्रतिनिधि सभा सदस्य रामहरि खतिवडाले भने, "२५ वर्षमा एक लाखभन्दा बढी युवायुवतीलाई रोजगारीमा पठाएर प्याराडाइजले देशलाई नै गुन लगाएको छ ।"

त्यस्तै, वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङ, पूर्वअध्यक्षहरू दिलप्रसाद पोखरेल, प्रेमबहादुर कटुवाल, रोहन गुरुङ लगायतले शुभकामना व्यक्त गर्दै प्याराडाइजलाई वैदेशिक रोजगारको अनुकरणीय संस्था भन्दै सफलताको कामना गरे ।

प्याराडाइजको योगदान केवल वैदेशिक रोजगारीमै सीमित छैन । २०७२ को विनाशकारी भूकम्प, कोभिड-१९ महामारी, बाढी-पहिरो जस्ता दैवी प्रकोपमा राहत वितरणदेखि, युद्धग्रस्त लिबियाबाट करिब १८ सय नेपालीलाई उद्धार गर्नेसम्मको यात्रामा पनि कम्पनी अगाडि देखिएको छ । यसकै कारण नेपाल सरकारले समेत प्याराडाइजलाई विशेष सम्मान गरेको जनाइएको छ ।

अध्यक्ष केसीले भविष्यप्रतिको संकल्प सुनाउँदै भने, "प्याराडाइजले बदलिँदो सूचना-प्रविधिसँग साक्षात्कार गर्दै, मुलुकको कानुनलाई शिरोपर गर्दै नयाँ रोजगारी गन्तव्य खोज्दै देश र जनताको समृद्धिमा अझ शक्तिशाली भएर योगदान गर्नेछ ।"

रजत महोत्सव केवल विगतको मूल्याङ्कन मात्र थिएन, यो संस्थाको संघर्ष, समर्पण र सामाजिक उत्तरदायित्वको गाथा हो । प्याराडाइजको २५ वर्षे यात्रा आज लाखौँ परिवारको जीवनमा आशा र सम्भावनाको पर्याय बनेको छ ।

# श्रम स्वीकृति नलिई **साउदीमा कार्यरत नेपालीहरूको** श्रम वैधानिकिकरण सुरु



श्रम स्वीकृति नलिई साउदी अरेबियामा कार्यरत नेपालीहरूको श्रम वैधानिकिकरण प्रक्रिया सुरु भएको छ।

काठमाडौंमा आयोजित एक समारोहकाबीच नेपाली दुतावास साउदी अरेबियाबाट श्रम स्वीकृति नलिई कार्यरत नेपालीहरूलाई श्रम वैधानिकिकरण सुरु गरिएको हो। विगत आठ बर्षदेखि रियादमा कार्यरत अजय दंगालको बायोमेट्रिक लिएर राजदूत डा.नरेश बिक्रम ढकालले श्रम वैधानिकिकरण कार्यलाई स्वीकृति प्रदान गरी यो प्रक्रिया आरम्भ गरेका हुन।

भर्चुअल कार्यक्रममा बोल्दै श्रममन्त्री शरतसिंह भण्डारीले अहिले लाखौं नेपालीहरू श्रमको शिलशिलामा विभिन्न बाटोबाट विभिन्न मुलुकमा रहेको अवस्थामा विभिन्न कागजी कठिनाइले वैधानिकरण हुन नसक्ने र पाउनुपर्ने अधिकारबाट बन्चित रहेको बताए। यस्तो अवस्थामा सरकारले वैदेशिक रोजगारमा रहेका श्रमिकहरूको हितका लागि वैधानिकिकरणको काम गरिरहेको बताए।

त्यस्तै उनले खाडी मुलुकमा जाने सुरुवात साउदी अरेबियाबाटै भएको बताउँदै साउदी अरेबियासँग दुईपक्षिय सम्झैता गर्न एक दशकदेखि धेरै प्रयासहरू गरिरहेको पनि बताए। सरकारले यस अगाडि नै यूएईबाट वैधानिकरण शुरु गरेकोमा अब अन्य देशहरूबाट पनि तत्काल शुरु गरिने जनाइएको छ।

# नाइमा मोबिलिटी एक्सपो १ **लाख बढीले** गरे अवलोकन



नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चर्स एसोसिएसन (नाइमा)को आयोजनामा काठमाडौंको भृकुटीमण्डपमा ६ दिन चलेको पहिलो संस्करणको 'नाइमा नेपाल मोबिलिटी एक्सपो २०२५' भव्य रुपमा सम्पन्न भएको छ।

मोबिलिटी क्षेत्रमा नेपालकै ठूलो एक्सपो दाबी गरिएको सो एक्सपोमा अटोप्रेमीहरूको घुइँचो नै लागेको थियो। एक्सपो एक लाख बढीले अवलोकन गरेको नाइमा अध्यक्ष रितुसिंह वैद्यले बताइन्। एक्सपो अवधिभर २ हजार ५ सयभन्दा बढी गाडी बुकिङ भएको उनले जानकारी दिइन्।

एक्सपोमा सर्वसाधारणका साथै बरिष्ठ कलाकार, कुटनीतिक नियोगका कर्मचारीहरू, सरकारी तथा गैरसरकारी संस्थाका व्यक्तिहरू, व्यापारी लगायत समाजका सबै तहका व्यक्तिहरूले उपस्थिति जनाएका थिए।

५० भन्दा बढी ब्रान्डका सवारी साधनहरू, आकर्षक छुट र सडक सुरक्षा जस्ता महत्वपूर्ण छलफलहरूले यो एक्सपोलाई नवप्रवर्तन र जागरूकताको उत्कृष्ट मञ्च बनाएको थियो। एक्सपोमा दुईपांग्रे, चारपांग्रे र व्यावसायिक सवारी साधनका नयाँ मोडलहरू समावेश थिए, जहाँ दर्जनौं नयाँ मोडलहरू लन्च भएका थिए।

एक्सपोमा १८ लाखदेखि ३ करोड रुपैयाँभन्दा माथिका गाडी तथा बाइकहरू प्रदर्शनीमा राखिएको थियो। विशेषगरी विद्युतीय सवारी ईभीले अवलोकनकर्ताको ध्यान तानेको थियो। र बुकिङ पनि उत्साहपूर्ण भएको आयोजकको दाबी छ।

## भदौमा पनि **वाणिज्य बैंकहरूले घटाए** ब्याजदर

भदौ महिनामा वाणिज्य बैंकहरूले व्यक्तिगत मुद्दती निक्षेपको अधिकतम औसत ब्याजदर घटाएका छन्। साउनको तुलनामा बैंकहरूको ब्याजदर ०.११ प्रतिशत विन्दुले घट्दै भदौमा यो दर ५.५७ प्रतिशतमा झरेको छ।

२० वटा वाणिज्य बैंकमध्ये ८ बैंकले ब्याजदर घटाएका छन् भने ११ बैंकले स्थिर राखेका छन्। प्रभु बैंकले मात्र ब्याजदर बढाएको छ। कृषि विकास बैंक, एभरेस्ट, लक्ष्मी सनराइज, स्ट्यान्डर्ड चार्टर्ड, सिद्धार्थ, कुमारी, सानिमा र नेपाल एसबीआई बैंकले ब्याजदर घटाएका छन्।

राष्ट्र बैंकको नीतिगत दर ४.५ प्रतिशत कायम छ, जसको प्रभाव स्वरूप साउनदेखि ब्याजदर घट्दै आएको हो। असार महिनामा उच्च पूँजीगत खर्चका कारण निक्षेप वृद्धि भए पनि कर्जा प्रवाह सुस्त रहेकाले बैंकहरूले भदौमा पनि ब्याजदर घटाएका हुन्।

ब्याजदरमा सबैभन्दा ठूलो कटौती स्ट्यान्डर्ड चार्टर्ड बैंकले गरेको छ। बैंकले साउन महिनामा व्यक्तिगत मुद्दतिमा ६.२६ प्रतिशत ब्याज दिइरहेकोमा भदौमा ५.१३ प्रतिशतमा झारेको छ। प्रभुले भने साउनमा ४.२५ प्रतिशत ब्याज दिइरहेकोमा भदौमा १.१ प्रतिशत बढाएर ५.३५ प्रतिशत पुऱ्याएको छ।




# 'जीवनसँग त्यति धेरै गुनासो छैन'



● बिन्दु अधिकारी ढकाल
binduadhikari2018@gmail.com

यतिबेला काठमाडौंको भृकुटीमण्डपमा 'नाडा अटो शो-२०२५' भर्खरै सम्पन्न भयो। यसमा विभिन्न कम्पनीका विभिन्न सवारी साधनदेखि स्पेयर पार्टस् र लुब्रिकेन्टसम्मका उत्पादन प्रदर्शनीमा राखिएका थिए। यहाँ भदौरे घामको समेत वास्ता नगरी सर्वसाधारण नागरिकहरू 'नाडा अटो शो' नियाल्न धाइरहेका थिए। जस्तो कि जागिरमा हाजिर हुन अनिवार्य छ। बाध्यताको पनि बाध्यता खुइखुइलुइलुइ धाएकाधायै छन्। यसको मुल कारण 'नाडा अटो शो' मा पहिलो पटक ल्याइएको 'फ्लाइङ ट्याक्सी' थियो। जसले आममानिसको ध्यान खिच्यो।

हुन त हाम्रो नेपाली समाजमा मेलाको सान्दर्भिकता र आकर्षण यो नै पहिलो भने होइन। आदिमसमय सामानबाट सामान साट्ने त्यो जमानालाई फर्किएर हेर्दा मेलाको सम्झना झन् बढी आउछ। वास्तवमा विज्ञानको चमत्कारले समय-समयमा नयाँ पन र स्वाद पस्किएर नै यहाँ हवाइजहाज र पानीजहाज बने। केबुलकार बने। गाडी बने। ट्रक र कार बने। थरिथरिका कृषिऔजार र हातहतियारहरू बने। यी सबै बन्नु नै चमत्कारपूर्ण विकास हो। नयाँ नयाँ सिर्जना क्रय बिक्रय सुरुभो। सानो आकारको बजार व्यवस्थित र ठुलो हुँदै गयो। फलतः अर्थतन्त्र चलायमान भयो।

२१ औं शताब्दीको यो समय 'फ्लाइङ ट्याक्सी' को प्रहर बनेर हाम्रो सामु खडा भएको छ। सडकमा सास्ती खप्दाखप्दा हैरान बनेको जीवनलाई आकाश मार्ग भयो भने हाम्रो दैनिकीमा उलटपुलट सहजता हुनेमा कुनै शंका छैन। पत्रपत्रिका र अनलाइन खबरहरूमा छाएको समाचार हेर्दा/पढ्दा यसको बजार व्यापक हुने अड्कल भइसक्यो। 'अटो शो' झण्डै डेढ लाख सर्वसाधारणले नियाल्नु त्यो सहभागिता आफैँमा कृतिमान हो।

जबसम्म जीवन रहन्छ, आवश्यकताको अन्त्य हुँदैन। एकपछि अर्को, अर्को पछि फेरि अर्को लगातार कमिलाको ताँती जत्तिकै हुन्छ आवश्यकताको लर्को पनि। यो सत्य हो कि सुरु नभइ अन्त्य हुँदैन। फरक सुरुवात फरक अन्त्य यो त प्रकृतिको नियम नै हो। जीवन उही हुन्छ तर कामको प्रकृति भने फरक पर्छ। कोही ठुलठुलो काम गर्छन्, कोही सानोतिनो खट्छन्। यद्यपि खटाइ जस्तो/जत्रो होस्, एकबाट सुरु हुन्छ। खुड्किला खुड्किलै हुन्। मान्छे अघि नबढी कर्मशील हुँदैन। विश्वासको फल वफादार हुन्छ।

बानेश्वर कोटेश्वर ओहोरदोहोर गर्न र मन्दिर जान समेत त्यतैबाट सजिलो पर्ने हुनाले म त्यो बाटो अक्सर हिँड्छु। त्यता पाइला पर्नु सधैँ उनीसँग आँखा जुद्धथ्यो। फूलपाती, धुपबत्ती, परेवालाई चारो के चाहिन्छ, भगवान्‌को ढोकानेर उनको सजावटको 'स्टल'बाट आवश्यकता पुरा गर्न सकिन्छ। भनौँ, उनी त्यही कामको लागि हाजिर छिन्। परबाट हेर्दै शान्त लाग्ने उनको घरथरबारे केही थान जिज्ञासा हुनाले खोतल्न अनुरोध गरेँ। मेरो आग्रहमा बिक्रेता सहमत भइन् र कुराकानी सुरु भयो।

"मेरो माइती रामेछाप हो। त्यता जन्मेको मात्र हुनाले गाउँको खासै सम्झना छैन। म सानै उमेरदेखि काठमाडौं बसेँ। यतै बढेँ, पढेँ। कोटेश्वर सरस्वती मा.वि.मा सुकुलमा बसेर पढेको त्यो समय अब इतिहास भयो। त्यतिखेर हामी आफैँले कक्षाकोठा बढारकुडार गर्थ्यौँ। सुकुलको जतन घाममा सुकाउथ्यौ, उठाउथ्यौँ। हामी दुई कक्षा पुगेपछि मात्र बेन्चमा बस्न पाइयो।"

शान्तालाई आमाको माया कस्तो हुन्छ, थाहा छैन। बुवाले ममीको समेत भूमिका निर्वाह गर्नुभएको क्षणलाई यसरी सम्झना गरिन्, "ममीको झल्को मात्र एउटा फोटो छ। फोटोमा देखिने त्यो अनुहार मेरी बहिनीसँग दुरुस्त मिल्छ। हाम्रो माइलो काका आर्मी। उहाँ शान्ति सेनाबाट नेपाल फर्कदा क्यामेरा किन्नु भा' रैछ। त्यो बेला अहिले जस्तो गाउँमा जहातहीँ फोटो खिच्ने चलन थिएन। हाम्रो काका घर जाँदा क्यामेरा पनि गाउँ गयो। घाँटीमा सयपत्री फूलको माला गुन्द्रीमा बसेकी ममीको त्यो फोटो काकाले खिच्नु भएको हुनाले त्यही भए पनि हेर्न पाएँ।"

उसो त शान्ताका साइला काका पनि आर्मी। अर्को काका विद्युत् प्राधिकरणमा जागिरे हुनाले घरको जिम्मा मूलखाँबो झैँ बुवाको काँधमा थियो। हजुरबा पहिल्यै बित्नु भयो। हजुरआमा बितेको अर्को वर्ष शान्ताले

आमा गुमाइन् तर उनलाई भने त्यो पलको धमिलो यादसम्म छैन । यसबारे उनी भन्छिन्- "म निकै सानी थिएँ । ममी गर्भवती हुनुहुन्थ्यो अरे । उहाँ लड्नु भएछ तर त्यो कुरा उहीबेला घरमा कसैलाई भन्नु नै भएनछ । दुई तीन दिनपछि परिवारलाई थाहा भयो । खत्रा कुरा त ममीको पेटभित्रै बच्चा मरेपछि त्यसलाई जन्माउन सुत्केरी हुन सक्नु भएन । यस्तो जटिल समस्या समाधान गर्न गाउँमा अस्पताल थिएन । ममी बित्नु भएपछि हाम्रो घरमा ताला लाग्यो ।"

दुई छोरी च्यापेर शान्ताका बुवा माधवप्रसाद कँडेल काठमाडौं आउनु भयो । उहाँलाई दोस्रो घरबार गर्न ससुराली र घरतिरबाट निकै कर गरियो तर त्यस कुरामा माधव तयार हुनु भएन । "अरु त अरु ममीकी कान्छी बहिनी हाम्री सानीमालाई बिहे गर्नुभन्दा पनि बुवाले अस्वीकार गर्नुभयो । हामी दिदीबहिनीलाई हुर्काउन, बढाउन र पढाउन बुवाले गर्नुभएको संघर्षको हिसाब छैन । हामी महिनावारी भएका बखत समेत अति हेरविचार गर्ने, आफूले भरे धुन्छु भनेर लुकाइ राखेका कपडा अघि धोएर सुकाइदिनु हुन्थ्यो । 'बुवा, हजुरले यो चाहिँ काम नगर्नु न, हामी आफैँ गर्छौं' भन्दा 'म तिमीहरूको बाउ मात्र नभएर आमा पनि हुँ । यस कारण तिमेरकी आमाको जिम्मेवारी निर्वाह गर्न देओ' भन्नु हुन्थ्यो ।"

शान्ताका बुवाले ससुरालीका कुरा पाखा लगाउनु दोस्रो घरबार गर्नुभएन । छोरीहरू टुहुरा हुन्छन् भन्ने सोच पलाएर हो कि ? खैर, यो समाजमा केही बुवाहरू यसरी पनि बाँच्नु भएको इतिहास छ भन्दा कतिलाई विश्वास नलाग्न सक्छ तर सत्य झुटो हुँदैन । कँडेल बुवा महादेवस्थान दुर्गा मन्दिरमा पूजारी हुनुहुन्थ्यो, मन्दिरको पहिलो पूजारी । त्यहाँ झन्डै २५ वर्ष बिताउनु भयो । उहाँको लागि निमार्ण गरिएको घरमा भने धेरै वर्ष बस्न पाउनु भएन ।

नौ कक्षा पढ्दै शान्ताको बिहे भयो । कानुनी हिसाबमा त्यो बिहे बालविवाह थियो तर निर्णयकर्ता अरु कोही नभएर उनै थिइन् । बिहेको निम्ता मान्न आउनुभएका उनका एक जना शिक्षकले 'यो स्कुलको पढाइ पनि नसकि किन बिहे गर्न हतार गरेकी । उजुर गर्दिउ कि क्या हो ?' त्यो बेला शिक्षकले भन्नु भएको कुरा अझसम्म शान्ताको मगजमै रहेछ ।

"मेरो श्रीमान् कलेज पढ्नु हुन्थ्यो । उहाँ मलाई माग्न आउनु भयो । बुवासँग बिहेपछि शान्तालाई पढ्न रोक्दिन भन्नु भा'थ्यो । उता काभ्रेपलाञ्चोक घरमा सासूआमाले छोराछोरी पनि ब्यागमा बोकेर पढ्न जाने कि ? भनेर गलल्लै हसाउनु भयो । बिहे गर्दा म १६ वर्षकी थिएँ । अर्को वर्ष बच्चा जन्मियो । त्यस पछि कसरी स्कुल जानु ? त्यो कुरै भएन, हरायो ।"

शान्ताका श्रीमान् दुई वर्ष कतार गए । त्यो बेला उनी काभ्रे (जिल्ला) घरैमा बसिन् । सानामा गाउँको खासै अनुभव सम्हाल्न नपाएकी उनले घरमा सासू ससुरालगायत परिवारसँग ५ वर्ष सँगै बसेर बिताइन् । उनका पाँच जना नन्दआमाजु र एक जना देवर छन् । उनको बिहेपछि नन्द र देवरको बिहे भयो । शान्ताका दुई जना छोरा छन् । उनीहरू कहाँ के गर्दै छन् ?



"हाम्रो ठुलो छोराले कम्प्युटर साइन्स पढेको हो । थप कोर्स पढ्न र कमाउन ऊ कोरिया गएको थियो । त्यताको बसाइ लामो भएन किनभने उसलाई अमेरिकाको 'डिभी' चिठ्ठा परो र कागजपत्र सबै मिलाएर भर्खर मात्र अमेरिका गयो । सानो छोरो यहाँ ट्राभल्समा काम गर्छ । हामी यहाँ कोटेश्वर सरेको धेरै समय भएको छैन, जोरपाटी माकलबारीमा बस्थ्यौं । माकल भनेको नेवारी भाषामा बाँदर रहेछ । मेरो श्रीमान् इलेक्ट्रिसियन हुनुहुन्छ । उहाँलाई साइडको कामले व्यस्त बनाएको बेला म बिजुलीका सामान बिक्री गर्थें । त्यहाँ हाम्रो आफ्नै पसल थियो । कोरोना आउनाले हाम्रो पेसा परिवर्तन भयो ।"

मैले शान्तालाई राजनीति गर्न मन लाग्छ ? आउछ ? यी प्रश्नतिर ध्यान तान्न खोज्दा छोटकरीमा उनले 'त्यताको ज्ञान छैन' भनिन् । त्यहाँ मानिसको ओहोरदोहोर कसले के भन्छन्, कसले के गर्छन् । बस् उनी कुरा सुन्छिन् तर ध्यानलाई आफ्नो कामतिर खर्च गर्छिन् । पुनः उनलाई मेरा केही प्रश्न यहाँको भाडा कति तिर्नुपर्छ ? अनि, फूलको व्यापार गर्न कत्तिको जोखिम छ ? जीवनलाई अघि बढाउने क्रममा ऋण लागेको छ, छैन ?

"यो स्टलको भाडा महिनाको ३५ सय पर्छ । कोठाभाडा १० हजार । खर्चको हिसाब खान लाउन मात्र नभएर अरु केके पर्छ, थाहै हुँदैन । फूलको व्यापार जोखिम छ । कोही दिन ३/४ हजारको बिक्री हुन्छ भने कोही दिन बुहुनी पनि नभइ दिन सकिन्छ । परेवालाई चारो हाल्न मानिसहरू आउनु हुन्छ । चारो बिग्रिने माल नहुनाले मन अड्याउने ठाउँ छ । उसो त मन्दिरमा विशेष दिनहरूमा मानिसको चहलपहलसँगै हाम्रो व्यापार पनि बढ्छ । साउनको सोमबार, तीज, शिवरात्री, बालचर्तुदशीलगायत खास समयमा कारोबार राम्रो हुन्छ । अहिले विश्वमै अर्थतन्त्र कमजोर भएको समय हो यो ।

यो संसारमा ऋण नभएका कोही होलान् र ? विश्वास छैन र लाग्दैन । हाम्रो ठुलो छोरो कोरिया जाँदा ऋणमा परियो । ऊ अमेरिका जाँदा पनि नगद चाहियो नै । हामीले आफ्नै जग्गा राखेर व्यवस्था गरेका छौं । यहाँको यो व्यापार थोरै लगानीको हो । हामीले यहाँ बेच्ने चियाको मुल्यले भने धेरै ठुलो भर दिएको छ ।"

कुन चिया र कस्तो भर ? "मसलेदार चिया बेच्छौं । सादा प्रति गिलास रु २० पर्छ । बिरेनुन राखेको प्रति गिलास रु २५ पर्छ । सय प्रतिशत परम्परागत जडिबुटी चिया हो यो । जसलाई दिव्य रस चिया पनि भनिन्छ । यो चिया बिहान खाली पेटमा खानुपर्छ, सुगर, प्रेसर र ग्यास्टीकले सताएको भए क्रमशः ठीक हुन्छ । यदि औषधी नै खानु परेकाहरूको हकमा यो चियाको नियमित सेवनले डाक्टरका गोलीको मात्रा घटाउन मद्दत गर्छ ।"

शान्ताले आफ्नो छेउमा उभिएका जोर थर्मशको सारा विवरण मलाई पेस गरिन् । दिव्य रस चिया प्याकेटमा पनि पाइदो रहेछ । स्मरणीय कुरा त्यस चियाको असर खाना खाइसकेपछि पिएर हुँदैन, बिहान खाली पेटमा पिउनु पर्छ । २०५९ सालमा बिहे गरेकी उनी ६० सालमा पहिलो सन्तान छोराकी आमा भइन् । त्यो परिवेशले उनको परिवारमा खुसी थपियो ।

छोरीहरू बिहे गरेर आआफ्नो घर सम्हाल्न व्यस्त भएपछि शान्ताका बुवा झन् एक्लो हुनुभयो । शरीर बुढो हुँदै गएपछि मन पनि कमजोर हुन्छ । त्यसमाथि बिरामी परियो भने उठ्न निकै चर्को पर्छ । शान्ताको तर्क नै बुवाको रेखदेख गर्न त गरेँ, गर्यौं तर सधैँभरि सँगै बस्न अनुकूल भएन । उहाँलाई समयमा खानाखाजाको चाँजोपाँजो गर्ने भरोसा योग्य साथ नहुँनु दैवले दाउ छोप्यो, भनिन् ।

जीवनको तुलना प्रेम विवाह सफल भयो नि हैन त ? मेरो यस प्रश्नमा शान्ता भन्छिन्- "अहिलेसम्म ठीक छ । अलि अघिअघि चै स्कुलको पढाइ पुनः सुरु गर्न नपाएकोमा खल्लो पनि लाग्थ्यो । छोराहरूले राम्रो पढे । हामीले गरेको मिहिनेत उनीहरूका आँखामा पार्न सकेका छौं । यो शहरमा हाम्रो घरघडेरी छैन तर त्यो नहुदैमा जीवनसँग त्यति धेरै गुनासो छैन । फूलमालाको व्यापारमा कहिलेकाहीँ साहु नि नउठ्दा चै दिक्क लाग्छ तर थोरै लगानीबाट अघि बढेका हुनाले तुरुन्तै मन बुझाउन सक्छु । जेहोस्, भावनाबाट आफ्नो कर्म गर्नु पर्छ । यहाँ धनीहरू मात्रै बाँच्ने अरुको चै जीवन नै छैन भनिएको छैन ।"

# नेपालमै इभी गाडी उत्पादन गर्न आग्रह, कसरी होला कानुनी अड्चनको समाधान ?




उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्णबहादुर राउतले विद्युतीय सवारीसाधनहरू नेपालमै उत्पादन गर्न निजी क्षेत्रसँग अनुरोध गरेका छन् । नाडा अटो शोका अवसरमा इकोनोमिक मिडिया एसोसिएसन नेपाल (इमान) र नाडाले सयुक्तरुपमा आयोजना गरेको 'ड्राइभिङ द फ्युचर : इभी एडप्सन इन नेपाल' विषयक प्यानल डिस्कसन कार्यक्रममा बोल्दै सचिव राउतले यस्तो अनुरोध गरेका हुन् ।

पछिल्लो समय केही उद्योगीहरूले नेपालमै विद्युतीय सवारीसाधनहरू एसेम्बलिङ गर्न थालेको र कतिपय उद्योगीले विशेष आर्थिक क्षेत्र (सेज) मा उद्योग खोल्न अनुमति मागसमेत गरेको भन्दै राउतले यसले सबैलाई राम्रो गर्ने बताए । नेपालमै गाडी उत्पादन हुने हो भने रोजगारी सिर्जना हुने र अहिले देशले भोगिरहेको व्यापार घाटा पनि कम हुने सचिव राउतको भनाइ छ ।

'अहिले हामीले १८ खर्ब माथिको आयात गर्दा ३ खर्ब हाराहारी मात्रै निर्यात गरिरहेका छौं, व्यापारघाटा नै १५ खर्ब २७ अर्ब छ' सचिव राउतले भने, 'आयात हुने वस्तुको पहिलो नम्बरमा नै पेट्रोलियम पदार्थ र ३/४ नम्बरमै गाडी छ, नेपालमै इभी उत्पादन गर्न सके हामीले इन्धनको खपत कम गर्न सक्छौं र व्यापार घाटा कम हुन्छ ।'

उनले इभीका विषयमा नयाँ कानून बन्ने चरणमा रहेको र नयाँ कानूनले अहिले देखिएका समस्याहरू पनि समाधान हुने बताए । अहिले विद्युतीय सवारी साधनका बिक्रेताहरूले दर्ता प्रक्रियादेखि सवारी परीक्षणसम्मको समस्या भेलिरहेका छन् । यी समस्याहरू समाधान गर्नका लागि प्रदेश र स्थानीय सरकार समेतलाई सहभागी गराएर पिपिपि मोडलमा लग्ने सरकारको तयारी रहेको सचिव राउतले बताए ।

काठमाडौं विश्वविद्यालयका सहायक प्राध्यापक डा. विराजसिंह थापाले अब पेट्रोलको मात्रै नभएर डिजलको पनि विकल्पबारे बहस हुनुपर्ने बताएका छन् । इतिहासमा इन्धन गाडी भन्दा पहिले नै इभी गाडी सडकमा गुडेको भए पनि इभी भन्दा इन्धन नै सहज भएकाले त्यो टिकाउ भएको उनको भनाइ छ । यद्यपि पछिल्लो समय इभीहरू एड्भान्स भएर आएकाले बजार लिइरहेको उनले बताए ।

तर अहिले निजी सवारी साधन र छोटो दुरीका सवारी साधनहरू इभी भर्सनमा आएपनि लामो र धेरै सामान बोक्ने गाडीहरू डिजलबाट चल्ने नै रहेको उनले बताए । 'तपाई थानकोटको उकालोमा हेर्नुस् या साँगाको नाकामा हेर्नुस्, त्यहाँ ठूला क्षमता भएका डिजल गाडीहरू सयौंको संख्यामा देखिन्छ, अब तिनलाई ब्याट्रीले विस्थापन गर्न सक्दैन' डा. थापाले भने, 'अहिले आइरहेका इभी त पेट्रोलको विकल्प हो, यस्ता डिजल गाडीका विकल्पहरूबारे पनि हामीले सोच्नुपर्छ ।' उनले यसको विकल्पका रुपमा हाइड्रोजन हुनसक्ने आफूहरूको अध्ययनले देखाएको बताएका छन् ।

कार्यक्रममा भन्सार विभागका उपमहानिर्देशक अमृत लम्सालले विद्युतीय गाडी उपयोगका लागि सरकारले सहयोग नै गरेको बताए । उनले विभिन्न नीति नियमबाट सरकारले विद्युतीय गाडी प्रयोग बढाउन सहजता प्रदान गरिरहेको बताए ।

कार्यक्रममा यातायात व्यवस्था विभागका निर्देशक नरहरि तिवारीले विद्युतीय सवारी साधनको संख्या बढ्दै गएको र यसलाई व्यवस्थित गर्न अहिले कानूनको अभाव रहेको बताए । उनले यही भदौभित्रमा नयाँ कार्यविधि जारी हुनेसमेत बताए । 'कार्यविधिको अन्तिम चरणमा छौं, केही स्टेकहोल्डरहरूको फरक मत छ' उनले भने, 'हामी सबै सरोकारवालाहरूको रायसमेत समेटेर कार्यविधि जारी गर्नेछौं ।'

नेपाल बैंकर्स संघका उपाध्यक्ष एवं ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले विद्युतीय सवारी साधानहरुमा बैंकहरुले राम्रै लगानी गरेको बताए । उनले आगामी दिनमा पनि बैंकले इभीलाई प्राथमिकतामा नै राख्ने बताए । वातावरणीय हिसाबले पनि इभी धेरै राम्रो भएकाले बैंकहरुले प्राथमिकताका साथ लगानी गरिरहेको उनको भनाइ छ । उपाध्यक्ष रेग्मीका अनुसार ग्लोबल आइएमईले इभीमा ऋण लगानी गर्न छुट्टै युनिट नै बनाएको छ, अन्य बैंकहरुले पनि बनाएका छन् ।

कार्यक्रममा नाडाका कार्यसमिति सदस्य एवं वातावरण समितिका सभापति कपिल शिवाकोटीले नीतिगत स्पष्टता नहुँदा व्यवसायीहरुले अहिले समस्या भेलिरहेको बताए । नाडाको इभी समितिका सदस्य समेत रहेका उनले दर्ता तथा परीक्षणमा समेत समस्या रहेको बताए । परीक्षण गर्ने उचित विधि नहुँदा आजको मितिमा पनि सेतो गुम्बाको उकालो चढाएर परीक्षण हुनु दुःखद भएको उनले सुनाए ।



# सीडीएससीको प्रस्तावप्रति **एनआरएनएको आपत्ति**, लगानी वातावरणमा असर पर्ने चिन्ता

गैरआवासीय नेपाली संघ (एनआरएनए)ले सिडिएस एण्ड क्लियरिङ लिमिटेडद्वारा नेपाल धितोपत्र बोर्डमा पेश गरिएको प्रस्तावप्रति गम्भीर ध्यानाकर्षण गराएको छ।

उक्त प्रस्तावले सेयर अभौतिकीकरणको क्रममा संस्थापक समूह र सर्वसाधारणका लागि छुट्टाछुट्टै आइएसआईएन नम्बरको व्यवस्था गर्ने उल्लेख छ, जसले पूँजी बजार, लगानी वातावरण र प्रवासी नेपालीको लगानी योजनामा नकारात्मक असर पार्ने संघको ठहर छ।

संघले यस्तो प्रस्ताव कार्यान्वयन भएमा विदेशमा रहेका संस्थापक सेयरधनीहरूमा अन्योल र निराशा फैलन सक्ने, कारोबारमा जटिलता बढ्ने र दीर्घकालीन रूपमा पूँजी बजारको पारदर्शिता र स्थायित्वमा क्षति पुग्ने चेतावनी दिएको छ।

संघको स्थापनाकालदेखि नै विदेशमा रहेका नेपालीको ज्ञान, सीप र पूँजीलाई नेपालमा भित्र्याउने काम भइरहेकोमा त्यसलाई अझ बढी संगठित रुपमा साना तथा मझौला लगानीलाई समेत नेपालमा भित्र्याउने संघको उद्देश्य रहेको अवगत नै छ' विज्ञप्तिमा भनिएको छ, 'सोहीअनुसार ऊर्जा, पूर्वाधार, पर्यटन, स्टार्टअप



तथा वित्तीय क्षेत्रमा गैरआवासीय नेपालीहरूद्वारा उल्लेखनीय लगानी हुने क्रम बढिरहेको छ। गैरआवासीय नेपालीहरूबाट नेपालमा हुने लगानी अहिलेको आर्थिक सुधार र पूर्वाधार विकासमा महत्वपूर्ण स्रोत हो। तर विश्वभरिका गैरआवासीय नेपालीहरूलाई नेपालको विकासमा सहभागी हुन तथा आफ्नो ज्ञान, सीप र पूँजी नेपालमा भित्र्याउन सहज वातावरण निर्माण गर्नुपर्नेमा यस प्रस्तावित निर्देशिकाले लगानीमा ठूलो असर पर्ने यस संघको ठहर छ।'

गैरआवासीय नेपालीहरूले नेपालमा लगानी गर्दा स्थायित्व, पारदर्शिता, र कानुनी स्पष्टता अपेक्षा गर्ने संघको भनाइ छ। तर प्रस्तावित व्यवस्था कार्यान्वयन भएमा संस्थापक सेयरधनीहरूले सेयर बेच्नसमेत कठिनाइ भोग्नुपर्ने, वैदेशिक लगानी फिर्ता गर्न नसकिने परिस्थिति बन्ने, र कानुनी अन्योलको वातावरणले अन्तर्राष्ट्रिय लगानीकर्तामा नकारात्मक सन्देश जाने खतरा रहेको जनाइएको छ।

पूँजी बजारप्रतिको विश्वास लगानी सुरक्षाको प्रत्याभूति र प्रवासी तथा विदेशी लगानीकर्ताको विश्वास कायम राख्नु नेपालको दीर्घकालीन समृद्धिको आधार भएको जनाएको छ। संघले सम्बन्धित नियामक निकायहरू, विशेषतः नेपाल धितोपत्र बोर्ड, अर्थ मन्त्रालय र सिडिएससीलाई यो प्रस्ताव पुनर्विचार गर्न, गम्भीर छलफलमार्फत समग्र प्रभाव मूल्याङ्कन गर्न, र सन्तुलित निर्णय लिन आग्रह गरेको छ।

गैरआवासीय नेपालीको ज्ञान, सीप र पूँजी नेपालमा भित्र्याउने संघको लक्ष्यसँग यस्तो प्रस्ताव विरोधाभाषी भएको जनाउँदै संघले सम्बन्धित निकायहरूलाई प्रस्ताव पुनर्विचार गर्न आग्रह गरेको छ। साथै, कानुनी स्पष्टता र स्थायित्वमा आधारित लगानीमैत्री वातावरण निर्माण गर्न सरकारले जिम्मेवारीपूर्वक कदम चाल्नुपर्ने संघको भनाइ छ।

---

## एनआरएनए निर्वाचनको तयारी

# निर्वाचन समितिले थाल्यो काम

गैरआवासीय नेपाली संघका अध्यक्ष डा. बद्री केसीले १२औं अन्तर्राष्ट्रिय महाधिवेशनका लागि गठन गरिएको निर्वाचन समितिलाई पारदर्शी र व्यवस्थित ढंगले निर्वाचन सम्पन्न गराउन आग्रह गरेका छन्। संघले प्रमुख निर्वाचन आयुक्तसहित सदस्यहरू नियुक्त गरिसकेको छ।

संघको सचिवलायमा निर्वाचन समितिका सदस्य टिबी कार्कीलाई पत्र हस्तान्तरण गर्दै अध्यक्ष केसीले आगामी अक्टोबरमा काठमाडौंमा हुने महाधिवेशनलाई सफल बनाउन समितिका सदस्यहरूलाई निष्पक्ष र व्यवस्थित निर्वाचनका लागि योगदान दिन आग्रह गरे।

प्रमाणपत्र ग्रहण गर्दै एनआरएनए सल्लाकार तथा पुर्व उपाध्यक्ष कार्कीले विगतका वर्षभैँ यसपटक पनि निष्पक्ष, स्वतन्त्र र पारदर्शी निर्वाचन सम्पन्न गराउने प्रतिबद्धता व्यक्त गरे।

केही दिन अगाडि मात्र प्रमुख निर्वाचन आयुक्त डा. राजेन्द्र घिमिरे र संघबीच निर्वाचन प्रक्रियाबारे समझदारीपत्रमा हस्ताक्षर भएको छ। संघको १०६औं अन्तर्राष्ट्रिय समन्वय परिषद्



(आईसीसी) बैठकको निर्णयअनुसार सन् २०२५ को अक्टोबर ११ देखि १४ सम्म काठमाडौंमा आयोजना हुने १२औं अन्तर्राष्ट्रिय विश्व सम्मेलन तथा महाधिवेशनमा निर्वाचन गराउने जिम्मेवारी डा. घिमिरेलाई दिइएको हो।

आईसीसी निर्वाचन प्रक्रियाका लागि नियुक्त प्रमुख निर्वाचन आयुक्त अधिवक्ता डा. राजेन्द्र घिमिरे र संघका अध्यक्ष डा. बद्री केसीबीच यसअघि नै समझदारीपत्रमा हस्ताक्षर गरी आगामी निर्वाचनलाई पारदर्शी र व्यवस्थित ढंगले अघि बढाउने सहमति भैसकेको छ।

संघको आईसीसी बैठकले डा. घिमिरेको संयोजकत्वमा केन्द्रीय निर्वाचन समिति गठन गर्ने निर्णय गरेको थियो। समितिमा टिबी कार्की सहित चिरन्जीबी ढकाल, प्रितम श्रेष्ठ, होम पाण्डे, प्रकाश सापकोटा र रजनी प्रधान सदस्य रहेका छन्।

त्यस्तै, निर्वाचन प्रक्रियाको अनुगमन गर्न रामप्रताप थापाको संयोजकत्वमा निर्वाचन अनुगमन समिति र न्यायिक निष्पक्षताका लागि भिम उदासको संयोजकत्वमा न्यायिक समिति पनि गठन गरिएको छ। संघको विधानअनुसार अन्तर्राष्ट्रिय महाधिवेशन हुनुभन्दा कम्तीमा तीन महिनाअगावै यस्ता समितिहरू गठन गर्नुपर्ने प्रावधान छ। संघको १२औं अन्तर्राष्ट्रिय महाधिवेशन आगामी अक्टोबर ११ देखि १४ सम्म काठमाडौंमा आयोजना हुँदैछ।

संघका उपाध्यक्ष डा. हेमराज शर्माका अनुसार निर्वाचनका लागि ५६ देशबाट ४ हजार ६५९ जनाले स्मार्ट एनआरएनए एपमार्फत आफ्नो नाम दर्ता गराएका छन्। दर्ता भएका नामावलीलाई राष्ट्रिय समितिहरूले प्रमाणीकरण गरेपछि अन्तिम रूप दिइनेछ।



# कुवेतमा **विषाक्त मदिरा सेवन**ले बढ्दै नेपालीको मृत्यु

# कहिले बन्ने सचेत ?

कुवेत मात्र होइन, खाडीका धेरै मुलुकमा नेपाली श्रमिक हरेक वर्ष यस्तै कारणले ज्यान गुमाइरहेका छन् । प्रश्न यति मात्र हो– हामी अझै पनि 'समाचारको लाइन' बन्नेछौं, कि अब सचेत भएर आफ्ना सपना र ज्यान दुवै बचाउनेछौं ?

कुवेतमा अवैध र विषाक्त मदिरा सेवनका कारण ज्यान गुमाएका २३ एसियालीमध्ये ११ जना नेपालीको मृत्यु भएको छ ।

कुवेतमा रहेको नेपाली दूतावासले निकालेको विज्ञप्तीमा मृतकको संख्या यकिन नगरिएको भएपनि कुवेतको स्वास्थ्य मन्त्रालयबाट अगस्ट १७ सम्म प्राप्त सुचना अनुसार कम्तिमा ११ जना नेपालीको मृत्यु भएको जानकारी प्राप्त गरेको दुतावास स्रोतको भनाई छ ।

'कुवेतमा केही दिन पहिले विषादीयुक्त मदिरा सेवनका कारण भएको भनिएको दुःखद घटनामा करिब ३५ जना नेपाली नागरिकहरू अस्पताल भर्ना भएको जानकारी प्राप्त भएको छ । निजहरू मध्ये केहीको मृत्यु भएको जानकारी पनि राजदूतावासमा प्राप्त भएको छ भने केहीको गम्भिर अवस्थामा उपचार भैरहेको छ । केही विरामीहरू विभिन्न अस्पतालमा सामान्य अवस्थामा उपचाररत छन्' दूतावासले निकालेको विज्ञप्तीमा उल्लेख छ ।

घटनाबारे सम्बन्धित अस्पताल र कुवेतको स्वास्थ्य मन्त्रालयका अधिकारीहरूसँग निरन्तर सम्पर्क गरी अस्पतालमा उपचाररत बिरामीहरूको उपचारको व्यवस्था मिलाउन निरन्तर समन्वय गर्ने काम भइरहेको र घटनाको विस्तृत विवरण संकलन गर्ने काम भइरहेको दूतावासले जनाएको छ ।

कुवेत स्वास्थ्य मन्त्रालयले १ सय ६० भन्दा बढी यसरी विषाक्त मदिराबाट बिरामी परेको जनाएको छ । तीमध्ये ५१ जनाको मिर्गौलाको डायलासिस भइरहेको छ, २१ जनाको दृष्टि गुमेको छ र ३१ जनालाई भेन्टिलेटरमा राखेर उपचार भइरहेको छ ।

मृत्यु हुनेहरू निर्माण क्षेत्रमा पसिना बगाउने साधारण श्रमिक थिए, जसको जिन्दगी 'एक घुट्की'को लापरबाहीले अन्त्य गरिदियो ।

**प्रतिबन्धित देशमा 'घरेलु विष'**

कुवेतमा मदिरा उत्पादन, बिक्री र सेवन कानूनी रूपमा पूर्ण प्रतिबन्धित छ । तर, प्रतिबन्धकै आडमा लुकिछुपी उत्पादन हुने र मजदुर बस्तीमा बेचिने 'घरेलु' मदिरा नै यस्तो मृत्युको मुख्य कारण बनिरहेको छ । यसपटकको अनुसन्धानले उक्त मदिरामा 'मेथानोल' मिसाइएको देखाएको छ-जुन एन्टिफ्रिज, सोल्भेन्ट र इन्धन बनाउन प्रयोग हुने प्राणघातक रसायन हो ।

मानव सेवनका लागि नबनाइएको मेथानोल शरीरमा पुगेपछि टाउको दुखाइ, वाकवाकी, दृष्टिहीनता, कोमा र अन्ततः मृत्यु समेत निम्त्याउँछ। यसको असर यति तीव्र हुन्छ कि केही घण्टाभित्रै अंग फेल हुन थाल्छ ।

कुवेतमा यो पहिलो घटना होइन । कोरोना महामारीको समयमा पनि यस्तै मदिरा सेवनबाट १२ नेपाली श्रमिकको मृत्यु भएको थियो । तर, त्यस घटनापछि पनि व्यापक चेतना अभाव, कानूनी कार्यान्वयनको कमजोरी र व्यक्तिगत असावधानीका कारण यस्ता त्रासदी दोहोरिइरहेका छन् ।

यो घटनाले स्पष्ट सन्देश दिन्छ – रोजगारीको सपना ठूलो भए पनि ज्यान र स्वास्थ्यभन्दा ठूलो केही छैन । प्रतिबन्धित देशमा अज्ञात स्रोतको मदिरा सेवन गर्नु केवल कानूनी जोखिम मात्र होइन, ज्यानसँग खेलवाड हो ।

वैदेशिक रोजगारीमा जानेहरूलाई हवाईजहाज चढ्नु अघि नै यस्तो जोखिमबारे अनिवार्य प्रशिक्षण र चेतना कार्यक्रम दिनुपर्छ । दूतावास र श्रम सहचारीहरूले श्रमिक बस्तीमा नियमित निरीक्षण र सचेतना अभियान चलाउनुपर्छ ।

कुवेत मात्र होइन, खाडीका धेरै मुलुकमा नेपाली श्रमिक हरेक वर्ष यस्तै कारणले ज्यान गुमाइरहेका छन् । प्रश्न यति मात्र हो– हामी अझै पनि 'समाचारको लाइन' बन्नेछौं, कि अब सचेत भएर आफ्ना सपना र ज्यान दुवै बचाउनेछौं ?

# 'एनआरएन लगानी सम्मेलन' अक्टोबरमा

उच्चस्तरीय समितिद्धारा निर्वाचित महेश श्रेष्ठ नेतृत्वको गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले अक्टोबरमा काठमाडौँमा एनआरएन लगानी सम्मेलन (एनआरएन इन्भेस्टमेन्ट समिट) आयोजना गर्ने भएको छ।

एनआरएन आइसिसीका अध्यक्ष महेश कुमार श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले एनआरएन दिवसको अवसर पारेर काठमाडौँमा अक्टोबर ११ र १२, २०२५ (असोज २५-२६, २०८२) मा सम्मेलन गर्ने निर्णय गरेको आइसीसीका महासचिव बाबुराम (बीआर) लामाले जानकारी दिए।

नेपाल सरकारका विभिन्न निकायहरू तथा निजी क्षेत्रका प्रमुख संस्थाहरूसँग सहकार्य गरी उक्त सम्मेलन आयोजना गरिने संघले जनाएको छ।

सम्मेलनले नेपालको आर्थिक समृद्धिको लक्ष्यमा योगदान गर्नुका साथै गैर आवासीय नेपालीहरूलाई नेपालमा लगानीको वातावरण बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने महासचिव लामाले बताए।

यसैगरी अक्टोबर ११ तारिखकै दिन म्याराथन पनि आयोजना गर्ने र त्यसका लागि उपाध्यक्ष मनोज श्रेष्ठलाई संयोजक तोक्ने निर्णय भएको छ।

अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकले अगस्टमा युरोप स्तरीय क्षेत्रीय सम्मेलन आयोजना गर्ने निर्णय गरिएको र सम्मेलनको मिति तथा स्थान छिट्टै सार्वजनिक गरिने संघका प्रवक्ता गंगाधर गौतमले बताए।

यस्तै सेप्टेम्बरमा आइसीसीले विशेष साधारण सभा गर्ने निर्णय पनि गरेको छ। युएईमा सेप्टेम्बर २१ मा साधरणसभा गरी विधानमा अहिले देखिएका वाधाहरू फुकाइने संघले जनाएको छ।

# अन्तर्राष्ट्रिय नेपाली युवा उद्यमी महासंघको गण्डकी प्रदेश समिति विस्तार




अन्तर्राष्ट्रिय नेपाली युवा उद्यमी महासंघ (एफआइएनवाइ) को गण्डकी प्रदेश समिति गठन भएको छ। वरपिपल रिसोर्टका सञ्चालक एवं उद्यमी जितु गुरुङको अध्यक्षतामा सर्वसम्मत रूपमा १९ सदस्यीय गण्डकी प्रदेश समिति गठन भएको हो।

नवगठित समितिको वरिष्ठ उपाध्यक्षमा हरि भुजेल, उपाध्यक्षमा शान्ति श्रेष्ठ, सचिवमा चिरञ्जीवी गौतम, सहसचिवमा राजकुमार सुनार, कोषाध्यक्षमा कोषराज पौडेल र सहकोषाध्यक्षमा रुद्र रेग्मी चयन भएका छन्। टान गण्डकीका अध्यक्ष एवं कार्यक्रमका संयोजक कृष्णप्रसाद आचार्यले प्रवक्ताको जिम्मेवारी पाएका छन्।

कार्यक्रममा उद्यमी महासंघका अध्यक्ष स्वतन्त्र प्रताप शाहले महासंघको उद्देश्य, भावी योजना र गण्डकी प्रदेशमा यसको भूमिका स्पष्ट पारेका थिए। उनले भने, 'गण्डकी प्रदेश समितिको स्थापना हामी नेपाली युवा उद्यमीहरूलाई देश तथा विदेशमा सञ्जाल विस्तार, ज्ञान साझेदारी र सहकार्यको नयाँ अवसर प्रदान गर्ने विश्वास लिएका छौं।'

नवगठित समितिलाई बधाई दिँदै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकार युवा उद्यमीहरूसँग सहकार्य गर्ने प्रतिवद्धता जनाएका छन्। उनले प्रदेशमा छिट्टै पर्यटन र कृषिलाई लक्षित गरी लगानी सम्मेलन आयोजना गरिने जानकारी दिए।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले आफ्नो लगानी रहेको कम्पनीबाट १० अर्ब लगानी भइसकेको र आवश्यक परेमा व्यवसाय प्रवर्द्धनका लागि थप लगानी गर्न तयार रहेको प्रतिबद्धता जनाए।

कार्यक्रममा उद्योग विभागका महानिर्देशक राजेश्वर ज्ञवाली र कार्यक्रमका संयोजक कृष्णप्रसाद आचार्य लगायतले बोलेका थिए।

'परिवर्तनका निर्माताहरूलाई जोड्दै, प्रगतिको खेती गर्दै एफआइएनवाइ गण्डकी अगाडि बढ्छ' भन्ने नारासहित सम्पन्न कार्यक्रममा एफआइएनवाइले गण्डकी प्रदेशमा औपचारिक रुपमा आफ्नो उपस्थिति जनाउँदै नेपालभर उद्यमशीलताको प्रवर्द्धन गर्ने अभियानलाई नयाँ ढंगले अघि बढाएको छ।

बागमती समितिको सफल सुरुवातपछि अब उद्यमी महासंघले गण्डकी प्रदेशमा आफ्नो औपचारिक कार्ययात्रा सुरु गरेको हो। कार्यक्रमले स्थानीय तथा राष्ट्रियस्तरका उद्यमीहरूलाई जोड्ने, सीप आदानप्रदान गर्ने र उद्यमशीलताको सशक्तिकरणमा टेवा पुऱ्याउने विश्वास लिइएको छ।

# कुशलता राईको नेतृत्वमा **नेपाल किराँत समाज ओमान**मा नयाँ कार्यसमिति चयन

● पि.बि श्रेष्ठ/मस्कट



नेपाल किराँत समाज ओमानले सर्वसम्मत रूपमा कुशलता राईको नेतृत्वमा नयाँ कार्यसमिति चयन गर्दै दोस्रो राष्ट्रिय अधिवेशन सम्पन्न गरेको छ।

दीपक श्रेष्ठ संयोजक तथा पूर्णबहादुर गुरुङ सह-संयोजक रहेको निर्वाचन समितिले सबै पदमा एक-एक जनाको उम्मेदवारी परेपछि सर्वसम्मत कार्यसमिति चयन भएको घोषणा गरेको थियो।

अधिवेशनबाट अध्यक्षमा कुशलता राई, प्रथम उपाध्यक्षमा रमेश तुम्वाहाम्फे, द्वितीय उपाध्यक्षमा सन्तोष राई, तृतीय उपाध्यक्षमा अम्बर राई, महिला उपाध्यक्षमा शोभा राई, महासचिवमा खपन साम्पाङ राई, सचिवमा पारुहाङ राई, कोषाध्यक्षमा दिल्लीश्वर राई तथा सह-कोषाध्यक्षमा सोनी राई निर्वाचित भएका छन्।

यस्तै युवा तथा खेलकुद संयोजकमा नितेश लिम्बु, सांस्कृतिक संयोजकमा बसन्ती राई, प्रवक्तामा अल्बिना राई तथा कार्यसमिति सदस्यहरूमा रबिन नेम्वाङ, सन्जीव चेम्जोङ सुव्वा, बिन्दु राई, श्याम लिम्बु, विशाल सुव्वा, पूजा लावती राई, सन्तोष राई (डी.जे), बिश कुमार याख्या, राम लिम्बु, आदेश राई, शर्मिला राई निर्वाचत भएका छन्।

अधिवेशन ओमानको गोब्रास्थित अल महा होटलमा नेपाली राजदूतावास मस्कटका श्रम सहचारी दामोदर ज्ञवालीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। कार्यक्रममा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा एनआरएनए अभियन्ता डी.बी. क्षेत्री, गैरआवासीय नेपाली सोसल क्लब ओमानका अध्यक्ष सुरेश खड्का लगायत ओमानका विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो।



# वाणिज्य बैंकहरूको नाफामा उल्लेख्य वृद्धि

गत आर्थिक वर्षमा नबिल बैंकले सर्वाधिक ७ अर्ब १२ करोड नाफा कमाउँदा **स्ट्याण्डर्ड चार्टर्ड बैंक, नेपाल एसबिआई बैंक, एनआइसी एशिया बैंक र सिटिजन्स बैंकको** नाफा भने घटेको छ।




आर्थिक वर्ष २०८१/८२ को चौथो त्रैमासको अन्त्य सम्ममा वाणिज्य बैंकहरूको नाफामा उल्लेख्य सुधार आएको छ। आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण अनुसार १६ वटा वाणिज्य बैंकको नाफा अघिल्लो आवको तुलनामा बढ्दा ४ वटा बैंकको नाफामा भने गिरावट आएको छ।

नेपालमा सञ्चालित २० वटा वाणिज्य बैंकहरूको खुद नाफा गत वर्षको तुलनामा ४३.६८ प्रतिशतले बढेर ७१ अर्ब १८ करोड ४४ लाख रुपैयाँ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा बैंकहरूले ४९ अर्ब ५४ करोड ५४ लाख रुपैयाँ खुद नाफा आर्जन गरेका थिए।

गत आर्थिक वर्षमा नबिल बैंकले सर्वाधिक ७ अर्ब १२ करोड नाफा कमाउदा स्ट्याण्डर्ड चार्टर्ड बैंक, नेपाल एसबिआई बैंक, एनआइसी एशिया बैंक र सिटिजन्स बैंकको नाफा भने घटेको छ।

नबिल बैंक, ग्लोबल आइएमई बैंक, प्रभु बैंक, माछापुच्छ्रे बैंक, कुमारी बैंक, सिद्धार्थ बैंक, नेपाल बैंक, सिटिजन्स बैंक, कृषि विकास बैंक, राष्ट्रिय बाणिज्य बैक, एभरेष्ट बैंक, सानिमा बैंक, एनएमबि बैंक, हिमालयन बैंक, लक्ष्मी सनराइज बैंक, स्ट्याण्डर्ड चार्टर्ड बैंक, नेपाल एसबिआई बैंक, नेपाल इन्भेष्टमेन्ट मेघा बैंक, प्राइम बैंक र एनआइसी एशिया बैंकले गत आवको वित्तीय विवरण प्रकाशित गरेका हुन्।

नबिल बैंकले गत आर्थिक वर्ष २०८१/८२ मा ७ अर्ब १२ करोड नाफा कमाएको छ। यो अघिल्लो आवको तुलनामा १५ प्रतिशतले बढी हो। अघिल्लो आवमा बैंकले ६ अर्ब १९ करोड ७१ लाख रुपैयाँ नाफा कमाएको थियो।

नेपाल इन्भेष्टमेन्ट मेगा बैंक ६ अर्ब ७५ करोड ६६ लाख रुपैयाँ नाफाका साथ दोस्रो स्थानमा छ। बैंकले आफ्नो नाफामा यो वर्ष ६४.४४ प्रतिशत वृद्धि गरेको छ। बैंकले गत वर्ष ४ अर्ब १० करोड ८८ लाख रुपैयाँ नाफा कमाएको थियो।

ग्लोबल आइएमई बैंकले गत आर्थिक वर्ष २०८१/८२ मा ६ अर्ब २० करोड ४७ लाख रुपैयाँ नाफा कमाएको छ। यो नाफा अघिल्लो आवको सोही अवधिको तुलनामा १.०९ प्रतिशतले बढी हो। अघिल्लो आवको सोही अवधिमा बैंकको नाफा ६ अर्ब १३ करोड ७४ लाख रुपैयाँ रहेको थियो।

यस्तै प्रभु बैंकले गत आर्थिक वर्ष २०८१/८२ मा ५ अर्ब ४४ करोड २६ लाख ९३ हजार रुपैयाँ नाफा आर्जन गरेको छ। बैंकले सार्वजनिक गरेको वित्तीय विवरण अनुसार अघिल्लो आवको तुलनामा गत आवको सोही अवधिमा बैंकको नाफा ९६५.४० प्रतिशतले बढेको हो। अघिल्लो आवको सोही अवधिमा बैंकको नाफा ५१ करोड ८ लाख ५६ हजार रुपैयाँ रहेको थियो।

एभरेष्ट बैंकले गत आवमा ४ अर्ब ९१ करोड खुद नाफा आर्जन गरेको छ। बैंकको यो नाफा अघिल्लो आवको सोही अवधिको तुलनामा ३२.८० प्रतिशत बढी हो। अघिल्लो आवको सोही अवधिमा बैंकले ३ अर्ब ७० करोड ३२ लाख २५ हजार रुपैयाँ नाफा आर्जन गरेको थियो।

लक्ष्मी सनराइज बैंकले आर्थिक वर्ष २०८१/८२ मा अघिल्लो आवको तुलनामा ४०.९७ प्रतिशतले नाफा बढाएको छ। गत आवमा ४ अर्ब ११ करोड ६९ लाख खुद मुनाफा कमाएको बैंकले अघिल्लो वर्षको सोही अवधिमा २ अर्ब ९२ करोड रुपैया नाफा कमाएको थियो।

प्राइम कमर्सियल बैंकले गत आर्थिक वर्षमा आफ्नो नाफा १४.७२ प्रतिशतले बृद्धि गर्दै ४ अर्ब २ करोड ४४ लाख रुपैयाँ कमाएको छ। अघिल्लो आर्थिक वर्ष बैंकको नाफा ३ अर्ब ५० करोड ७८ लाख रुपैयाँ रहेको थियो।

कृषि विकास बैंकको नाफा आर्थिक वर्ष २०८१/८२ मा ४८.८८ प्रतिशतले बढेर ३ अर्ब ८२ करोड ८५ लाख रुपैयाँ भएको छ। अघिल्लो आवको सोही अवधिमा बैंकले २ अर्ब ५७ करोड रुपैयाँ नाफा आर्जन गरेको थियो।

त्यसैगरि, गत आर्थिक वर्षको चौथो त्रैमाससम्म नेपाल बैंक लिमिटेडले ३ अर्ब ७७ करोड ३० लाख ८ हजार रुपैयाँ खुद नाफा आर्जन गरेको छ। अघिल्लो आवमा बैंकले २ अर्ब ८४ करोड ४२ लाख ३७ हजार रुपैयाँ खुद नाफा आर्जन गरेको थियो।

गत आवमा सिद्धार्थ बैंकले ३ अर्ब ३९ करोड रुपैयाँ नाफा कमाएको छ। यो नाफा अघिल्लो आवको सोही अवधिको तुलनामा १०.२५ प्रतिशतले धेरै रहेको छ। बैंकले अघिल्लो आवको सोही अवधिमा ३ अर्ब ८ करोड २८ हजार रुपैयाँ नाफा कमाएको थियो।

एनएमबि बैंकले आर्थिक वर्ष २०८०/८१ मा ३ अर्ब २८ करोड रुपैयाँ खुद नाफा आर्जन गरेको छ। अघिल्लो आर्थिक वर्षमा बैंकको नाफा २ अर्ब २४ करोड रुपैयाँ मात्र रहेको थियो।

यस्तै स्ट्यान्डर्ड चार्टर्ड बैंकको नाफामा भने अघिल्लो वर्षको तुलनामा ७.५१ प्रतिशतले गिरावट आएको छ। बैंकले गत आर्थिक वर्ष ३ अर्ब २ करोड ९३ लाख रुपैयाँ नाफा कमाएको छ। अघिल्लो वर्ष बैंकले ३ अर्ब २७ करोड ५२ लाख रुपैयाँ नाफा कमाएको थियो।

सानिमा बैंकले गत आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म २ अर्ब ५७ करोड ११ लाख ५५ हजार रुपैयाँ नाफा

कमाएको छ। यो नाफा अघिल्लो आवको तुलनामा १०.९२ प्रतिशतले बढी हो। अघिल्लो आवको सोही अवधिमा बैंकले २ अर्ब ३१ करोड ७९ लाख ५६ हजार रुपैयाँ नाफा आर्जन गरेको थियो।

कुमारी बैंकले गत आवमा २ अर्ब ११ करोड नाफा कमाएको छ। यसअघि बैंकले अघिल्लो आर्थिक वर्षमा सबैभन्दा कम ४६ लाख ८ हजार रुपैयाँ मात्र नाफा गरेको थियो।

यस्तै माछापुच्छ्रे बैंकले २ अर्ब १ करोड रुपैया कमाएको छ। यो अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ९२.४५ प्रतिशत बढी हो। अघिल्लो आर्थिक वर्षको सोही अवधिसम्ममा बैंकले १ अर्ब ४ करोड ५१ लाख रुपैयाँ खुद नाफा कमाएको थियो।

नेपाल एसबीआई बैंकको नाफामा अघिल्लो वर्षको तुलनामा ९.८६ प्रतिशतले कमी आएको छ। बैंकले यस वर्ष १ अर्ब ८० करोड २५ लाख रुपैयाँ नाफा कमाएको छ। जबकी अघिल्लो आर्थिक वर्षमा बैंकले १ अर्ब ९९ करोड ९७ लाख रुपैयाँ कमाएको थियो।

हिमालयन बैंक लिमिटेडले आर्थिक वर्ष २०८१/८२ मा १ अर्ब ५१ करोड २५ लाख रुपैयाँ नाफा आर्जन गरेको छ, जुन अघिल्लो वर्षको तुलनामा २२.१५ प्रतिशतले बढी हो। गत वर्ष बैंकको नाफा १ अर्ब २३ करोड ८३ लाख रुपैयाँ थियो।

त्यसैगरी सिटिजन्स बैंकको गत वर्ष बैंकको खुद नाफा भने २ प्रतिशतले घटेर १ अर्ब २९ करोड ३२ लाख २१ हजार रुपैयाँ कायम भएको छ। अघिल्लो वर्ष बैंकले एक अर्ब ३२ करोड सात लाख ३१ हजार रुपैयाँ खुद नाफा कमाएको थियो।

एनआईसी एसिया बैंकको नाफामा सबैभन्दा ठुलो गिरावट आएको छ। बैंकको नाफा यस वर्ष ७६.९७ प्रतिशतले घटेर १६ करोड १५ लाख रुपैयाँमा सीमित भएको छ। जबकी अघिल्लो आर्थिक वर्षमा बैंकले ७० करोड १४ लाख रुपैयाँ नाफा कमाएको थियो। योसँगै बैंक नाफाको आधारमा सबैभन्दा कम कमाउने बैंक बनेको छ।

# सीएनआईका प्रतिनिधि र राजदूत तुलाधरबीच भेटवार्ता



सिटी एक्सप्रेस मनि ट्रान्सफरका संस्थापक, ग्लोबल बिजिनेस तथा डायस्पोरा समिती (CNI)का सभापति तथा नेपालका लागि केन्याका अवैतनिक वाणिज्यदूत चन्द्र टण्डन र डेनमार्कस्थित नेपाली राजदूत सुम्निमा तुलाधरबीच भेटवार्ता भएको छ।

भेटमा बिदेशी प्रत्यक्ष लगानी भित्र्याउनका लागि आवश्यक रणनीतिबारे छलफल भएको थियो। साथै, उत्पादनशील क्षेत्रहरू र प्रविधि स्थानान्तरणमा रेमिट्यान्स लगानीलाई समर्थन गर्न औपचारिक नेटवर्कहरूको स्थापना गर्ने, साहसिक पर्यटन, सांस्कृतिक सम्पदा र आध्यात्मिक रिट्रीटहरूको लागि नेपाललाई शीर्ष गन्तव्यको रूपमा प्रवर्द्धन गर्ने बिषयमा छलफल भएको थियो।

डेनमार्कमा बसोबास गर्दै आएका नेपाली प्रवासीहरूको समस्या समाधान तथा हकहितको संरक्षणका साथै डेनमार्कमा नेपाली उत्पादनहरूको प्रवर्द्धन गर्ने प्रभावकारी योजनामा पनि दुवै पक्षबीच विचार विमर्श भएको थियो। डेनमार्कमा रहेको नेपाली मिसन र सीएनआई बीचको संस्थागत सम्बन्धको बारेमा पनि छलफल भएको थियो।


सुरक्षित र भरपर्दो वैदेशिक रोजगारीका लागि हामीलाई सम्झनुहोस ।



SOS Manpower Service Pvt. Ltd.

GPO Box # 3565, Dhapashi, Kathmandu, Nepal
Tel: 1-4365986 to 89 & 4366137/8
E: sosierra@wlink.com.np, Web: www.sosgroup.com.np

# हिमालय सिमापारको पहलमा केरूङमा फसेका १७३ नेपालीको उद्धार



भोटेकोशी नदीको भीषण बाढीले रसुवास्थित मितेरी पुल बगाएपछि घर फर्कन नपाएका १७३ जना नेपालीलाई नेपाल हिमालय सिमापार वाणिज्य संघको पहलमा तातोपानी नाका हुँदै उद्धार गरेर नेपाल ल्याइएको छ।

तातोपानी नाकामा नेपाल हिमालय सीमापार वाणिज्य संघका अध्यक्ष रामहरि कार्की, उपाध्यक्ष सुजित बस्नेत, महासचिव रामचन्द्र पराजुली, सचिव आङदोर्जे शेर्पा, सचिव सुब्बा श्रेष्ठ, कोषाध्यक्ष सिद्धान्त बस्नेतलगायतले मितेरी पुलमा उद्धार गरिएका नेपाली नागरिकलाई स्वागत गरेका थिए।

संघका अध्यक्ष रामहरि कार्कीले भने, 'यो मानवीय संकटको घडीमा नेपाल-चीन सीमाको सहकार्य उदाहरणीय रह्यो। दुवै देशका अधिकारी र संघका सदस्यहरूको पहलका कारण आज यी दाजुभाइ-दिदीबहिनीहरू सुरक्षितरूपमा घर फर्कन पाउनु ठूलो राहत हो।'

यस्तै संघका महासचिव रामचन्द्र पराजुलीले उद्धार गरिएका नेपालीलाई तत्काल राजधानीसम्म पुग्ने व्यवस्था मिलाइएको बताए। उनले भने 'निःशुल्क बस सेवा दिइएको छ र सम्पूर्ण यातायात तथा खानेपानीको व्यवस्थापन हाम्रो संघले सम्हालेको छ।'

संघका सचिव आङदोर्जे शेर्पाले चीनतर्फका अधिकारीहरूसँग निरन्तर संवाद गरेर उद्धार प्रक्रिया छिटो सम्पन्न गर्न भूमिका खेलेको बताए। 'सीमामा अलपत्र परेका नेपालीको पीडा देख्दा हृदयविदारक अवस्था थियो, तर अब उनीहरू सुरक्षित छन् भन्नेमा खुशी छौं' उनले भने।

यस्तै अर्का सचिव सुब्बा श्रेष्ठले भने, 'यो उद्धार कार्य केवल प्रशासनिक जिम्मेवारी मात्र होइन, मानवीय संवेदनशीलताको विषय पनि हो। हामीले व्यक्तिगत रूपमा समेत सबैलाई सहज महसुस गराउन प्रयास गरेका छौं।'

संघका कोषाध्यक्ष सिद्धान्त बस्नेतले उद्धारमा सहभागी हुने क्रममा आवश्यक खर्च, यातायात र खानेपानीजस्ता सबै व्यवस्थापनमा संघले सक्रिय रूपमा हातेमालो गरेको बताए। उनले यस्ता आपत्कालीन अवस्थाका लागि भविष्यमा थप कोष जुटाउने योजना रहेको पनि बताए।

नेपालतर्फका कोदारी अध्यागमन कार्यालय, स्थानीय प्रशासन, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले उद्धार गरिएका व्यक्तिहरूको जिम्मा लिएका थिए। चीनका सरकारी अधिकारीहरूले औपचारिक रूपमा उनीहरूलाई नेपालतर्फ बुझाउने प्रक्रिया पूरा गरेका थिए।

यसअघि पनि चीनले २०३ जना नेपालीलाई यस्तै प्रक्रियामार्फत तातोपानी नाकामा ल्याएको थियो। त्यसबेला धेरैजसो चालक, सहचालक र व्यापारिक फर्मका कर्मचारी रहेका थिए। यसपटक भने केरुङ क्षेत्रमा विभिन्न पेशा-व्यवसाय गरेर बसेका नेपालीहरू बिरामी पर्न थालेपछि र दीर्घकालीन बसाइको सम्भावना कमजोर देखिएपछि उद्धारको व्यवस्था गरिएको हो।



# बैंकिङ क्षेत्र सुधार कार्यदलले गभर्नरलाई बुझायो प्रतिवेदन



बैंकिङ क्षेत्र सुधार सुझाव कार्यदलले गभर्नर डा. विश्वनाथ पौडेललाई सुझाव प्रतिवेदन बुझाएको छ ।

डा. रेवतबहादुर कार्कीको संयोजकत्वमा एक महिनाअघि गठित कार्यदलले गभर्नरलाई अन्तिम प्रतिवेदन बुझाएको हो । कार्यदलले प्रारम्भिक प्रतिवेदन असार २४ गते बुझाएको थियो ।

कार्यदलमा पूर्वबैंकर भुवनकुमार दाहाल र नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल सदस्य थिए ।

कार्यदलले आर्थिक गतिविधि चलायमान बनाउन बैंकिङ क्षेत्रले खेल्नुपर्ने भूमिका, ग्रामीण क्षेत्रमा कर्जा प्रवाह बढाउन चाल्नुपर्ने कदम, नेपाललाई ग्रे-लिष्टबाट हटाउन बैंकिङ क्षेत्रले खेल्नुपर्ने भूमिका लगायत विषयमा सुझाव दिएको छ ।

यस्तै पुँजी बजारको विकासमा केन्द्रीय बैंकको भूमिका, जोखिममा आधारित सुपरिवेक्षण र ग्राहकमैत्री बैंकिङ सेवा विकासका लागि चाल्नुपर्ने कदमबारे सुझाव दिइएको छ ।

बैंक तथा वित्तीय संस्था गाभ्ने र प्राप्ति तथा त्यसपछिका समस्या समाधानका विषय पनि कार्यदलको प्रतिवेदनमा परेका छन् ।

## इन्भेष्टमेण्ट मेगा बैंकका ग्राहकले **सारङ हेल्थ केयर**मा विशेष छुट पाउने




नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडका ग्राहकले ललितपुरको बखुन्डोलस्थित सारङ हेल्थ केयर प्रालिका सेवामा छुट पाउने भएका छन् । बैंकले सारङसँग यस सम्बन्धमा सम्झौता गरेको जनाएको छ ।

सम्झौताअनुसार बैंकका ग्राहकले ल्याब सेवामा १० देखि १५ प्रतिशत, कल्चर तथा विशिष्ट परीक्षणमा ७ प्रतिशत छुट पाउने छन् । त्यस्तै, इसीजी, यूएसजी, इको, एन्डोस्कोपी, कोलोनोस्कोपी र कोल्पोस्कोपी सेवामा पनि ७ प्रतिशत छुट पाइनेछ ।

यस सम्झौताअन्तर्गत एनआईएमबी डेबिट/क्रेडिट कार्ड प्रयोगकर्ताहरू र एनआईएमबी स्मार्ट एप (मोबाइल बैंकिङ) प्रयोगकर्ताहरूले सारङको स्वास्थ्य सेवामा छुट प्राउने छन् । छुट लिनका लागि ग्राहकले एनआईएमबी डेबिट/क्रेडिट कार्ड वा एनआईएमबी स्मार्ट एपमार्फत भुक्तानी गर्नुपर्ने बैंकले बताएको छ ।

# अन्नपूर्ण न्यूरो हस्पिटल र प्रभु बैंकबीच विशेष छुट सम्झौता

काठमाण्डौ महानगरपालिका, वार्ड नं ११, बबरमहलस्थित अन्नपूर्ण न्यूरो हस्पिटल र प्रभु बैंक लिमिटेडबीच बैंकका ग्राहक तथा कर्मचारीहरूलाई अन्नपूर्ण न्यूरो हस्पिटलको सेवा सुविधामा विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ ।

उक्त सम्झौता अनुसार प्रभु बैंकका कर्मचारी र कर्मचारीका परिवारजन तथा ग्राहकहरूले १०-१५% छुट पाउने भएका छन । सो छुट सेवासुविधा अन्नपूर्ण न्यूरो हस्पिटलमा प्राप्त गर्न सकिनेछ ।

उक्त सम्झौतापत्रमा अन्नपूर्ण न्यूरो हस्पिटलका तर्फबाट मेडिकल प्रशासक डाक्टर शरद गजूरेल र मार्केटीङ म्यानेजर प्रेम कुमार दाहाल तथा प्रभु बैंकका तर्फबाट चिफ मार्केटीङ अफिसर रमेश कुमार श्रेष्ठ र मार्केटीङ म्यानेजर दिना चित्रकारले हस्ताक्षर गरेका छन ।



ग्राहकहरूको रोजाइको अग्रणी बैंकको रुपमा रहेको तथा हालसालै "बैंक अफ द इयर २०२३" को उपाधिबाट सम्मानित प्रभु बैंकले नेपालभर ३१२ शाखा कार्यालयहरू, २८६ एटीएम साथै ६८एक्सटेन्सन काउन्टर मार्फत अत्याधुनिक प्रविधिसहित गुणस्तरीय सेवा प्रवाह गर्दै प्रतिस्पर्धी रुपमा अगाडि बढिरहेको छ । साथै प्रभु बैंक फिनाकल ईन्फोसिस ईनोभेसन गोल्ड-२०२४ अवार्डबाट पनि सम्मानित भएको छ ।

# डिल्लीरामको फिर्ती

**'बेलुकी घर निकै कष्टसँग आइपुगेँ। पल्लो कोठामा बुहारीले छोरालाई भनेको सुनेँ– बुबा काण्डैकाण्ड मच्चाउन आउनु भको रहेछ अस्ट्रेलिया। जतिसक्दो छिटो टिकट काटेर नेपाल पठाउनु। नत्र अरु के–के काण्ड भोग्नुपर्ने हो हामीले।'**



युवराज नयाँघरे

एक वर्ष भइसक्यो उनले कथा सुनाउन थालेको। उनी अर्थात् डिल्लीराम।

डिल्लीराम अष्ट्रेलिया पुगेथे। नातिनीको न्वारानका लागि भनेर अस्ट्रेलिया गएका हुन्। उता जानुभन्दा तीन-चार महिना अघिदेखि नै उनको फत्र्याकफुरुक थियो। नयाँ ठाउँमा पुग्ने रहरले उनलाई मनैदेखि खुशी छरिएको लाग्थ्यो।

एक वर्ष बसेर फर्केपछि उनको कथा भन्ने क्रम रोकिएको छैन आजसम्मै।

गाउँमा अचेल सबै मान्छे लाखापाखा लागिसके। डिल्लीरामका दुई जना साथी छन् रेवतीप्रसाद र हिक्मतबहादुर। यी दुवैका छोरा-छोरी पनि अस्ट्रेलियामै छन्। रेवती र हिक्मत दुवै पुगेका छैनन् अस्ट्रेलिया।

डिल्लीराम पुगेर आएकाले उनका कथा चाख मानेर सुन्ने मन गरेका छन्।

'अनि सुन त!'

आज पनि उनले कथा हाले।

'बिहान चार बजे निन्द्राले विदा मागिहाल्थ्यो। निन्द्राले जिउ छाडेपछि ओछ्यानमा कति बसिरहनु। त्यसरी बसिरहँदा त झन् गाह्रो। उठेर बाहिर जाऔँ, कहाँ जाऔँ। फेरि बाहिरफेर घुमघाम गर्न जाँदा पनि हराइएला भन्ने पीर।'

'छोराले भनेथ्यो, बुबा एक्लै-दुक्लै नहिँड्नु है। हराइएला नि। हराइयो भने फेरि खोज्न कहाँ जानु मैले। बुहारी सुत्केरी छे- कतै जान सक्दिन। मेरो काम छ। रातिको काम भएपछि- दिउँसो निन्द्रा पुऱ्याउन सुत्नु पर्छ।'

डिल्लीरामको कुरा थपिँदै गयो।

'दुई-चार दिनपछि घर नजिकै पार्क रहेछ, त्यता गएँ। आफू बसेको घरबाट पाँच सात मिनेट पर्थ्यो। एकदिन छोराले पार्कतिर डोऱ्याएर लगेथ्यो। बुबा, दिनभरि यो चौरमा बस्नु। अरु पनि बुढापाका आउँछन्। उनीहरूसँग गफगाफ गर्नु। दिन सजिलै कट्छ। गफसँगै उनीहरूसँग चिनजानी हुँदा मन हलुको हुन्छ।'

'छोरोले त्यो दिन दुई घन्टा सँगै बसेर चौर वरिपरि सबै देखायो। हरियो चौर निकै रमाइलो थियो। छोटा-छोटा लुगा लगाएका गोरे-गोरेनी कुदेका, व्यायाम गरेका र उफ्रीपाफ्री गरेका देखिन्थे। बूढा-बूढी पनि के गजबले पसिना चुहाई-चुहाई कुदेका होलान् नि।'

डिल्लीरामले कुरा सुनाइरहे।

'अर्को दिन म पाँच बजेतिर जाने योजनामा थिएँ। उठेर यताउता गर्दै थिएँ- छोराले करायो। कहाँ जान लागेको बुबा- एकाबिहानै। मैले हिजो गएको चौरमा घुम्न मन लागेको बताएँ। उसले हकाऱ्यो- खानासाना खानु, आराम गर्नु- दिउँसोतिर जानु। अहिले नै कुदिहाल्नुपर्ने के छ र?'

'छोराको कुरा नि मान्नै पऱ्यो। छोरो रातभरि डिउटी गरेर भर्खरै आएथ्यो। उसले पाउरोटी तताएर, त्यसमा जाम दलेर दियो। एक कप दूध हालेको चिया पनि दियो। म कपाकप खान थालेँ। सुरु-सुरुमा त त्यो एभाकाडो भन्ने ठ्वास्स गनाउँथ्यो। पछि-पछि त साऱ्है भएपछि छोरालाई भनेँ। उसले जाम दलेर दिन थाल्यो, त्यै खान थालेँ।'

'त्यो दिन त्यत्तिकै भयो। अर्को दिन चैँ जानु पऱ्यो भनेर उठेर उताउता गर्न थालेँ। बुहारीले देखिछन्। उनलाई भनेँ- बुहारी म चौरतिर यसो घुम्न जान्छु है। उनले हुन्छ बुबा घुमेर आउनु। आज छोरा पनि किनमेल गरेर नौ बजेतिर मात्रै आइपुग्नु हुन्छ, हजुरले उहाँलाई खाना पकाउन सघाउनु पर्ला बुबा।'

'बुहारीको अनुमति पाएपछि म त यसो बाहिर निस्केर ढोका तानेको त- गर्लाम्म लाग्यो ढोका। मैले चस्मा बिर्सेछु। अब ढकढक गर्न पनि अप्ठेरो लाग्यो। यताउता गर्छु- ढोका खुल्दैन। चस्मा नलगाई हिँड्नै सक्दिनँ। साऱ्है आपत पऱ्यो। छोरो पनि कतिखेर आउँछ भनी पर्खिबसेँ। झन्डै बाऱ्ह बजेसम्म कुर्दा पनि छोरो टुप्लुकिएन। भोकले आलसतालस भएर म त यसो भित्तामा ढल्केको थिएँ- भुसुक्कै निदाएँछु। दुई बजेतिर छोरो आएर थपथपाउँदा पो बिउँझेँ।'

डिल्लीरामको कथा बाँकी नै थियो।

'बुबा बाहिर त्यसरी भुइँमा नबस्नु है। पुलिसले समातेर लैजान्छ। छोराले त्यसो भनेपछि मनमनै सातो गयो। त्यो दिनदेखि त्यत्तिकै बाहिर जाने आँटै आएन। म त वल्लो कोठा, पल्लो कोठा गर्दै दिन बिताउन थालेँ।'

कुरा निकै चाखलाग्दा हुन थाले। हिक्मतबहादुर र रेवतीप्रसाद निकै चाख मानी-मानी सुन्थे।

डिल्लीराम बोल्न सुस्ताउँदा पनि उनीहरू 'अनि, अरु के भो, त्यसपछि के भयो नि….' आदि प्रश्न गरिरहन्थे।

'एक दिन छोरा-बुहारी नातिनीलाई खोप लगाउन हस्पिटल गए। घरमा अरु कोही थिएनन्। अघिल्लै दिनको दालभात थियो। तरकारी, अचार

पनि फ्रीजमा थियो । बुहारीले दाल अलिक बेर तताएर खानु भनेकी थिइन् । दाल राम्रै तातोस् भनेर ठूलै कराईमा खनाएँ । अनि यसो जिम्मु र खुर्सानी पनि पड्काएर खाने मन गरेँ । तीन-चार राता सुकेका खुर्सानी, जिरा र जिम्मु तातो तेलमा खन्याई-खन्याई पड्काएँ । कोठामा धुँवा निकै आएको थियो । एकै छिनमा भान्साको एउटा कुनाबाट हुइँ हुइँ कराउन थाल्यो । म त के गर्नु, नगर्नु भएँ । मेरो सातो गयो ।'

'एकै छिनमा ढोकामा ड्याङ-ड्याङ आवाज आएर हल्लीखल्ली भयो । मैले ढोका खोल्दा पुलिस, दमकल, एम्बुलेन्सका गाडी घर अगाडि आइसकेका रैछन् । तिनलाई देखेर मेरो सातोपुत्लो उड्यो । पुलिसले भित्र बसेर केरकार गर्‍यो । धुँवा धेरै भएर सुरक्षाको घन्टी बजेको रहेछ । आगलागी हुँदा छिटो खबर प्रहरी र दमकलले थाहा पाऊन् भनेर त्यस्तो व्यवस्था मिलाइएको हुँदो रहेछ । मैले त्यो दिन ठूलो ज्ञान पाएँ । पुलिसले सबै कुरा सम्झाएर गयो ।'

'साँझ छोरा-बुहारी आएर मसँग नराम्रै पाराले रिसाए । आफ्नो गल्ती भएथ्यो, बोल्ने कुरै भएन । म चुप लागेर बसिरहेँ । तर उनीहरूले नसिकाउनु पनि महागल्ती हो नि है ।'

कुरा बढ्दै गयो । दुवैले चाख लिई-लिई सुनिरहेथे । उनीहरूले रुचि मानेर सुनेकोमा डिल्लीरामलाई पनि झन्-झन् चौचौ बढ्यो ।

'एक दिन पाँच बजेतिर बिउँझेँ । उठेर जीउ चङ्गा बनाएँ । पूजापाठ गर्ने ठाँउ पनि छैन । शंख फुकुँ, केले फुक्नु । धुप, बत्ती बाल्ने आँटै आएन । यसो पञ्च स्नान गरेर तल सोफामा आएर बसेँ । अनि फेरि बुहारीलाई मास्तिरको कोठानिर गएर भनेँ- म घुम्न गएँ है चौरतिर । ल-ल चाँडै आउनु है बुबा- उनले भनिन् । अनि म घुम्न निस्केँ ।'

'सरासर चौरतिर गएँ । बाटोमा एकजना नेपालतिरका मेरै उमेरका दाँवल भेटिए । उनी पनि नाति-नातिना भेट्न आएका रहेछन् । उनले चौरमा कता-कताबाट घुमाएर लगे । चौरमा साँझसम्म बसियो । दुःख-सुखका कुरा भए । एकजना भेटुवाल थरीका बूढाले दुःखेसो गरे- पाउरोटी टोक्दा-टोक्दा दाँतै दुखिसके । उनका कुराले सबै हाँसे । अर्का लामिछाने बूढाले दुःख पोखे- टोइलेटमा कागज मात्र हुन्छ, पानी नहुँदा मलाई चैँ साह्रै गाह्रो भो । उनका कुराले पनि सबै हाँसे । अर्का कार्की बूढाले अझै दिक्दार मान्दै भने- मेरो त घरमा धोएको लुगा सुकाउने ठाँउ पनि छैन । घाममा राम्रोसँग नसुकेका लुगा लाउनै मन लाग्दैन । के पो गर्नु होला । उनका कुराले सबैलाई हँसायो ।'

डिल्लीरामले पनि कुरा थपे ।

'म त कुरा सुन्दा-सुन्दा घडी हेर्नै बिर्सिसकेथेँ । पार्कबाट निस्केर दक्षिणतिर लागेँ । साँझ परे पनि लामा-लामा दिन भएकाले उज्यालै थियो । बाटो उस्तै, रुखपात उस्तै, घुम्ती र मोडहरू उस्तै छन् । घर अगिल्तिरका आँगन छन् एकै पाराका ।'

'यता हेर्छु, उता हेर्छु । सबै एउटै खालका । लौ खा, मैले बाटो भुलेँ । म कुन बाटो आएँ, कुन सडक भएर आएँ । अब बर्बादै भयो । के पो गर्नु होला, कसो गर्नु होला । सोधुँ भने- कुनै चरोमुसो छैन । एउटा मान्छे देखापर्दैन । म त के गरुँ, के गरुँ हुन थालेँ ।'

'फेरि फर्केर त्यही बाटो गएँ । अलिक पर पुगेर पूर्वतिर हो कि भनेर लुइँलुइँ लम्केर बाटो काटेँ । घर देखिएन । लौ अब घर चिनिनँ मैले । म छटपटिन थालेँ । फेरि अघि छोडेको घुम्ती नाघेर दक्षिणतिर लागेँ- जति हिँडे पनि आफ्नो घर पत्तो पाउन सकिनँ मैले । यस्तै एक घन्टा भइसक्यो होला- म घुमेको घुमेकै छु । एकै पाराका घर, बाटो, फूलबारी र बारहरू देखेर ठम्याउनै गाह्रो भयो मलाई ।'

'डिल्ले आज पनि सडकमै बास हुने भयो । मनमा यस्तै सोच्दै थिएँ । आफ्नै सुरमा हिँडिरहेको थिएँ । अघि मलाई जेब्रा क्रसमा दाहिने पारेर गएको अलिक खैरो रङको कार मेरा छेउमा आएर घ्याच्च रोकियो । काका, तपाईं त घुमेको घुमेकै हुनुहुन्छ त अघिदेखि- कसैले बोलेको सुनेपछि ठूलो आँट आयो । छोराको साथी सुवर्ण रहेछ । उसले मलाई गाडीमा हालेर सम्झायो- काका यहाँ त हराइन्छ है, विचारेर हिँड्नु । अर्को दिन बुहारीलाई सबै कुरा फोनमा भनिदिएछ उसले । राति छोराले मलाई सातै लियो नि ।'

डिल्लीरामका कुरा सुनेर रेवतीप्रसाद र हिक्मतबहादुर पनि अलिक डराए । उनीहरूको अनुहारले भनिरहेथ्यो- 'साँच्चि, बूढा हराएका भए के पो हुन्थ्यो होला ?'

निकै दिन हराएका डिल्लीराम एक हप्ता पछि देखापरेथे । रुघाखोकीले थल्लिएका रहेछन् । आएपछि सबै कुरा कहन थाले ।

'अनि सुन त ।'

डिल्लीराम बोल्न थाले ।

'एकदिन हेक्का राखेर फेरि चौरमा गएँ । त्यहीँ पाटनतिर बस्ने देवीरामसँग चिनाजानी भयो । उनले रेल चढेर जाँदा रमाइलो हुने कुरा गरे । मैले पनि एक पटक त घर छेउको सानो स्टेसनबाट रेल चढेर ठूलो शहरसम्म पुगेको थिएँ । मलाई रेल चढ्ने धोको पुगेकै थिएन । छोराले एउटा कार्ड दिएर भनेथ्यो- बुबा, बुहारी अहिले सुत्केरी छन् । यो कार्ड खल्तीमा हालिरहनु है । कुनै दिन एक्लै-दुक्लै रेल चढ्नु परे काम लाग्छ ।'

'त्यो कार्ड मैले निकै खोजेँ । देवीरामले भनेथे, ह्याँ हामी बूढाखाडालाई पैसा लाग्दैन के । भोलि दिउँसो घुम्न जाउँला । बिहान र बेलुकी अलिक चेक जाँच हुन्छ रे । दिउँसो फ्री हुन्छ रेलमा । उनकै सल्लाहअनुसार हामी अर्को एक जना साथीसहित समुद्र किनारा जाने रेल चढ्यौँ ।'

'आनन्दले रेल यात्रा सुरु भयो । सुरुमा सिट पाइएको थिएन । पछि-पछि खाली हुँदै गयो । हामीले मज्जाले बस्न पायौँ । तीनजना झ्यालपट्टि बसेर मस्त रमाइरहेका थियौँ खुसीसँग । म त झन् रमाइरहेको थिएँ । झन्डै आधी घन्टाको बाटो छिचोलुन्जेल घर, बजार, बाटो र राम्रा खेतीबारी देखेर म रमाएको थिएँ ।'

'एउटा ठूलो भीडभाडसहितको स्टेशन आइपुग्यो । चढ्ने, झर्नेको लर्को भयो । त्यही बेला एउटी महिला प्रहरीले मेरो कार्ड मागी । उसले आफ्नो मेसिनमा मेरो कार्ड जाँची । बिना पैसा रेलमा चढेको भनेर तिरिखिरी पार्न थाली । त्यतिन्जेलमा हामी अर्कै स्टेशनमा पुगिसकेका थियौँ । पुलिसले मलाई केरेको देखेर अरु साथीहरू अघि नै दमपच भइसकेछन् ।'

'पुलिसले मलाई धेरै कुरा सोध्यो । म उत्तर फर्काउन सक्तिन थिएँ । भाषा आउँदैन थियो । पुलिसले त्यही कार्डबाट मेरी बुहारीलाई सम्पर्क गरेछ । अनि ढाँटेर, छलेर यात्रा गरेको भनेर थुप्रै जरिवाना तिर्नुपर्ने सूचना दिएछ ।'

'बेलुकी घर निकै कष्टसँग आइपुगेँ । पल्लो कोठामा बुहारीले छोरालाई भनेको सुनेँ- बुबा काण्डैकाण्ड मच्चाउन आउनु भको रहेछ अस्ट्रेलिया । जतिसक्दो छिटो टिकट काटेर नेपाल पठाउनु । नत्र अरु के-के काण्ड भोग्नुपर्ने हो हामीले ।'

डिल्लीराम बोले- 'त्यसको पन्ध्र दिनमा म त नेपाल नि... साथी हो ।'

उनी मज्जाले हाँसेथे यति बोलेपछि ।




रोजगार
एनआरएन
अर्थ
लगायतका
गतिविधिका लागि
लग अन गर्नुहोस्
रोजगार मञ्च
rojgarmanch.com

# नेतृत्व गर्नु भनेको राजनीति नै गर्नु मात्र होइन !

समूहको सफलताका लागि काम गर्ने र आफ्नो स्वार्थका लागि मात्र काम गर्ने, इमानदार र बेइमान सबैखाले मानिस हुन्छन्। व्यक्तिको क्षमता, काम गर्ने तरिका, सोच, स्वभाव चरित्र आदि कुरा बुझेर काम लिन सक्ने व्यक्ति नै असल र सफल लिडर बन्न सक्छ।



शम्भु सुस्केरा

नेता वा नेतृत्व भन्ने बित्तिकै राजनीतिकर्मी भन्ने बुझाई छ हाम्रो। यो बुझाइ पूर्ण सत्य होइन। कुनै समुह वा कुनै बिचारको अगुवाई जसले गर्छ ऊ नेता हो। श्रीमान र श्रीमती मध्ये कुनै एकजना नेता हुन सक्छ। हरेक परिवारका सदस्यहरूमध्ये कोही एक नेता हुन्छ।

पिकनिक जाँदै गर्दा त्यसको अगुवाई वा व्यवस्थापन गर्ने व्यक्ति नेता हो। साथीहरूसँग स्विमिङ जाँदै गर्दा त्यसको व्यवस्थापन, अरनखटन आदिमा जो अघि सर्छ त्यो त्यहाँको नेता हो।

तपाई वैदेशिक रोजगरीमा जाँदै हुनुहुन्छ। विभिन्न जिल्लाका विभिन्न साथीहरूको एकैदिन यात्रा शुरु भयो। एयरपोर्टमा, जहाजमा, बसमा साथीहरूको अप्ठ्यारोमा सहयोग गर्ने, केही पर्दा अघि सरेर बोल्ने, सम्बन्धित देशमा पुगेपछि आइपर्ने अप्ठ्यारो वा जिम्मेवारीमा जो अघि सरेर बोल्छ, काम गर्छ त्यो नेता हो।

त्यसैले नेता हुनु, नेतृत्व गर्नु भनेको राजनीति नै गर्नु भन्ने होइन। परिवारमा, टिममा, साथीसंगीमा कुनै पनि कामको जिम्मेवारी निर्वाह गर्ने, स्वतस्फूर्त वा कसैको निर्देशनमा अघि सर्ने व्यक्ति अगुवा हो, नेता।

उसैको नेतृत्वमा परिवार वा समुहले सफलता हासिल गर्दछ।

कुनै न कुनै समयमा कुनै न कुनै भूमिकामा हरेक व्यक्तिले नेतृत्व गर्नुपर्ने अवस्था आउन सक्छ। आइपरेको अवस्थालाई सफलतापूर्वक पार लगाउन थोरै ज्ञान सीप पनि चाहिन्छ नै।

तसर्थ जुनसुकै क्षेत्रमा जुनसुकै अवस्थामा सफल नेतृत्व गर्न आवश्यक पर्ने गुणका बारेमा चर्चा गरौं यो जानिराखे सजिलो हुनसक्छ।

मार्गदर्शक अर्थात बाटो देखाउन सक्ने : परिवारको सदस्य वा समुहको सदस्यले कुनै योजना बनाएर काम गर्नुपर्यो र सल्लाह माग्यो भने सम्झेर, सोचेर, सल्लाह गरेर भए पनि उपयुक्त उपाय देखाउन सक्नुपर्छ।

समस्याको समाधन गर्न सक्ने : हरेक मानिसलाई चाहेर वा नचाहेर, जानेर वा नजानेर कुनै न कुनै समस्या आइपर्न सक्छ। समस्या परेपछि के गर्ने के नगर्ने भनेर द्विविधामा परेको हुनसक्छ। कतिपय मानिसहरूले आत्महत्यासम्म गर्न सक्छन्। यस्तो अवस्थामा परिवारको सदस्य वा आफूले नेतृत्व गरेको समूहको कुन सदस्य के समस्याबाट गुज्रिरहेको छ भन्ने पहिचान गरेर त्यसको समस्याको समाधान दिन सक्नुपर्दछ। अनि मात्र परिवार वा समूहले अगुवा मान्नेछन्। आवश्यकता अनुसार मार्गदर्शन वा समस्या समाधानको उपाय दिन नसक्ने व्यक्तिलाई आफ्नो अगुवा मान्न कोही तयार हुँदैन। बाबुलाई छोराले समेत पत्याउँदैन।

आफू, परिवार वा समूहको भविष्य प्रतिको दृष्टिकोण : आफ्नो जीवन, परिवारको भविष्य र समूहको सफलताका लागि दृष्टिकोण के छ ? कुन योजनाले कस्तो लक्ष्यमा पुग्ने भन्ने स्पष्ट दृष्टिकोण छैन भने त्यो व्यक्तिले नेतृत्व गर्न सक्दैन। वा नेतृत्व गर्न लायक मानिँदैन।

टिमवर्क अर्थात सामुहिक भावना सहितको कार्य : कुनै पनि परिवार, समूह, संगठन, व्यवसायको सफलता उक्त टिमका मानिसको सामूहिक भावना कस्तो छ भन्ने कुराले अर्थ राख्छ। समूहमा विभिन्न खालका मानिसहरू हुन्छन्। समूहको सफलताका लागि काम गर्ने र आफ्नो स्वार्थका लागि मात्र काम गर्ने, इमानदार र बेइमान सबैखाले मानिस हुन्छन्। व्यक्तिको क्षमता, काम गर्ने तरिका, सोच, स्वभाव चरित्र आदि कुरा बुझेर काम लिन सक्ने व्यक्ति नै असल र सफल लिडर बन्न सक्छ।

रणनीतिक कार्ययोजना अर्थात स्ट्राटेजि : कुनै पनि योजनालाई कसरी सफल बनाउने, कुनै पनि समस्या आइलागे के गर्ने भन्ने

विश्वासिलो कार्ययोजना र त्यसलाई सफल बनाउने रणनीति बनाएर काम गर्न सक्ने गुण नेतृत्वमा हुनुपर्दछ।

बोल्ने कला र भाषण कला : मानिससँग कसरी कुराकानी गर्ने, आफना कुराले कसरी प्रभावित पार्ने र मासमा कसरी प्रभावकारी भाषण गर्ने भन्ने क्षमता वा कला नभए व्यक्ति सफल नेता बन्न सक्दैन। तसर्थ हजारौँकाबीच उभिएर बोल्न होस् वा व्यक्तिसँग प्रभावकारी संवाद गर्न सक्नु नेतृत्वको प्रमुख गुण हो।



लक्ष्य निर्धारण : आफ्नो वा परिवारका सदस्यको मात्र होइन आफूले नेतृत्व गरेको संस्थाको भविष्य के हो। कुन लक्ष्यमा पुग्ने वा पुऱ्याउने भन्ने पत्यारिलो खाका अनिवार्य हुन्छ। कति समयमा के हासिल गर्ने र त्यसका लागि के-के तयारी गर्ने, स्रोत साधन के हो, कसरी जुटाउने भन्ने ठोस योजना सहितको लक्ष्य निर्धारण गर्न सक्नु नेतृत्व गुणको महत्वपूर्ण पाटो हो।

व्यवस्थापकीय कला : परिवार, समाज, समूह आदिलाई जसले कुशल व्यवस्थापन गर्नसक्छ ऊ परिवार वा समाजको सफल मूली मानिन्छ। सामान्य अवस्थामा होस् वा कुनै जटिल परिस्थिति आइपरेको अवस्थामा दैनिक गतिविधि वा कार्यमा सफल व्यवस्थापन आवश्यक देखिन्छ। कुशल व्यवस्थापन क्षमता नभएको घरपरिवार वा समूह भाँडिएको देखिन्छ।

साहसी : समय सधैँ एकनास हुन्छ भन्ने छैन। कुनै आपतबिपद वा असहज परिस्थिति आइपर्न सक्छ। त्यस अवस्थाबाट पार लगाउन कुनै अप्ठ्यारो निर्णय लिनु परोस् वा कुनै संघर्ष वा शत्रुसँग कुनै प्रकारको सामना गर्नुपर्ने अवस्थामा पछि हट्ने व्यक्ति न घरको, न समूह कसैको लिडर बन्न सक्दैन।

प्रतिबद्ध : कुनै पनि जिम्मेवारी आइपर्दा अघि सर्ने हुनुपर्छ। जतिबेलै पछि हट्ने व्यक्तिलाई कसले अगुवा मान्छ र ?

नैतिकवान र इमानदार : राजनीति वा कर्मचारीतन्त्रमा मात्र होइन हरेक अवस्था र जिम्मेवारीमा इमानदारीता महत्वपूर्ण गहना हो। बेइमानहरू ढिलो चाँडो उदाङ्गिने छन् नै। लिडर्स आर रिडर्स भनिन्छ। अध्ययनशील मानिसहरू आफू र अरुलाई समस्याबाट सजिलै पार लगाउन सक्ने हुन्छन्।

जनचाहना अनुसार काम गर्न सक्ने। परिवारमा परिवारको सदस्यको सकारात्मक चाहना ख्याल गर्ने, सीमित अवसर रहेछ भने त्याग पनि गर्न सक्ने नै सही मानेमा कुशल नेतृत्व मानिन्छ।

भनिन्छ लिडरले के बोल्छ होइन के गर्छ भनेर हेरिएको हुन्छ। तसर्थ हरेक कार्य योजनबद्ध ढंगले सबैको साथ लिएर गर्न सक्नुपर्छ। हुनत कोही पनि असफल हुन चाहँदैन तर योजना बनाउन असफल भइरहेको हुन्छ तसर्थ योजनाबद्ध काम नगर्ने जोकोही चाहेको गन्तव्यमा पुग्न कठिन हुन्छ।

अरुप्रति गुनासो गर्नेभन्दा पनि आफ्नो नेता आफैँ बनौँ। आफूले आफूलाई पत्याऔँ। अरुले स्वतः पत्याउनेछन्।







# जिन्दगीका भोगाई र प्रेम वियोगको संयोजन हो ‘मस्जिद मन्दिर’



● हरिराम पौडेल

पछिल्लो समय गीत संगीतको क्षेत्रमा गजल लोकप्रिय बन्दै गएको छ। नयाँ पुस्ताका लेखक तथा पाठकहरू पनि गजलप्रति आकर्षित भइरहेका छन्। नेपाली गजलले अहिले साहित्य, संगीत र समाजको बीचमा सेतुको काम गर्दै, परम्परा र आधुनिकताको सन्तुलनमा गहिरो प्रभाव छोडिरहेको अनुभूति भइरहेको छ।

*सबैलाई पिर उस्तै त हो नि*
*जिन्दगी आखिर उस्तै हो नि...*

मानव जीवनमा पिर, चिन्ता, कठिनाई सबैलाई छ, हामीले असाध्यै सुखी अनि खुसी देखेका मान्छे भित्र पनि आफ्नै पिर छ, आफ्नै व्याथा छ अनि आफ्नै भोगाईको अनुभूतिहरू छन् किनकि धरातल यहि हो, समय यहि हो, जिन्दगी आखिर सबैको उस्तै उस्तै हो। मानव जीवनमा सबैको समान पीडा र कठिनाइहरू छन्। यो जीवनमा हरेक व्यक्तिले केही न केही गुमाउँछ, केही न केही दुःख, पिर, विरह सहन्छ, कसैले ती भावहरू व्यक्त गर्छन्, कसैले लुकाउँछन्, अन्ततः दुःख र पीरको स्वाद सबैले चाखेकै हुन्छन् नमीठो लागे पनि। यो जीवनमा राजा हुन् या रङ्क, धनवान होस् वा गरिब, प्रसिद्ध होस् वा सामान्य कसैलाई पनि दुःख र पिरबाट छुटकारा छैन। जीवन त्यति सहज पनि त छैन, जीवनमा धेरै खालका चुनौती, विछोड, अपूर्णता, अपेक्षा र निराशाको वादल मडारिरहन्छ। यी मानव भएको नाताले  मानवले गर्ने अनुभूति हुन्, जिन्दगी आखिर सबैको उस्तै त हो नि। सबैको जीवनको संरचना, स्वरूप सबैका लागि उस्तै उस्तै छ, मिल्दोजुल्दो छ। यो जीवनमा हामी सबैले जन्म, बाल्यकाल, संघर्ष, बृद्धावस्था र मृत्यु भोग्नु नै पर्छ, हामी सबै यही चक्रमा घुमिरहन्छौं, हाम्रो अनुभव फरक हुन सक्छ, तर भोगाइको सार उस्तै उस्तै हुन्छ किनकी सबैको जिन्दगी आखिर उस्तै त हो नि!

गजलको यो शेरले सान्त्वना र सहानुभूति बोलेको छ, जब हामीलाई लाग्छ कि ‘हामी मात्र पीडामा छौं’, त्यति बेला गजलको यो शेरले भन्छ कि तिमी मात्र होइनौ, संसारका सबै मानिसहरू कुनै न कुनै पीडाबाट गुज्रिरहेका छन् त्यसैले तिमीले आत्मसमीक्षा गर, अरुको पनि पिडा बुझ किनकी तिम्रो जस्तै पीर अरुको पनि छ। सबैलाई पिर उस्तै त हो नि, जिन्दगी आखिर उस्तै हो नि!

*भेटिन्न इश्वर आस्था हो पुज्ने*
*मस्जिद मन्दिर उस्तै त हो नि...*

ईश्वर छ यो हामी धेरैले विश्वास गर्छौं, आँखाले देखेको कुरा पनि विश्वास नलाग्ने अहिलेको प्रविधिको जमानामा हामी न आँफूले कहिल्यै देखेको न त अरु कसैले देखेको ईश्वरमा ‘ईश्वर छ’ भनेर विश्वास गर्दछौं। ईश्वर छ भन्ने विश्वास गर्न एउटा पल पल टिकटिक गरि चल्ने जटिल घडीको उदाहरणबाट अझ प्रष्ट हुन्छ। जसरी घडी एक जटिल यन्त्र हो जसमा स-साना पार्टपूर्जाहरू जस्तै गियर, स्प्रिङ, सुई आदि मिलेको ताल, समयको क्रम र यान्त्रिक अनुशासनले चल्छ त्यसरी नै ब्रह्माण्ड पनि असंख्य तारा, ग्रह, आकाशगङ्गा, नियम, गति र गुरुत्वाकर्षणले चल्ने एक अति जटिल प्रणाली हो। घडी आफैं बन्न सक्दैन, घडी बन्नका लागि एउटा कुशल डिजाइनर चाहिन्छ जसले यसको स्वरूप, उद्देश्य र तालिकाबद्ध रुपमा चल्ने बनाउँछ त्यसै गरी ब्रह्माण्ड पनि यति सुसंगत र नियमबद्ध देखिन्छ कि यसलाई चलाउने कुनै अदृश्य बुद्धिमान शक्ति ‘ईश्वर’ छ भन्ने विश्वास गरिन्छ। घडीका प्रत्येक सुईको  वा गियरको विशेष काम हुन्छ, सुईलाई चलायमान बनाउन घडी भित्र फरक फरक चक्र हुन्छन् जुन चक्र आफ्नै नियममा घुम्छन् त्यहि घुमाईले घडीको ३ वटा सुईले समय निर्धारण गर्दछन्। घडीको घुमाईमा थोरै पनि घटवड हुदैन किनकी यहाँ घडीका पार्टपूर्जाहरूको जटिल संयोजन छ जुन संयोजन विना घडी चल्दैन, अत्यन्तै नियमवद्ध तरिकाले घडीका सुईहरू चलायमान हुन्छन्। यस्तै ब्रह्माण्डका प्रत्येक तत्व जस्तै पृथ्वी, सूर्य, हावा, जीवन सञ्चालनका आधार हुन्, यदि गुरुत्वाकर्षण, ऊर्जा, समयको एकता नहुने हो भने यो ब्रम्हान्ड पनि अस्तव्यस्त हुन्थ्यो। जसरी घडी बनाउने घडीकार हुन्छ, उसले घडी सेट गरेपछि

घडी आफैँ चल्छ यस्तै सोचिन्छ कि ईश्वरले ब्रह्माण्डलाई बनाएको हो र त्यसपछि त्यो आफ्नै नियम अनुसार चलिरहेको छ, 'घडी र यो ब्रह्माण्ड उस्तै हुन्' भन्नाले सृष्टिको पछाडि कुनै बुद्धिमान, योजनाबद्ध शक्ति रहेको विश्वास दिन्छ। यो शक्ति नै ईश्वर हो, जसले सृष्टिको योजना बनायो, रूप दियो, र नियमहरूको आधारमा चलाइरहेको छ। जसरी एउटा सानो घडी पनि संयोगले बन्दैन, त्यस्तै यति अचम्मको ब्रह्माण्ड पनि संयोग मात्रले बनेको होइन यो चलाउने एउटा अदृष्य शक्ति छ जसलाई हामी ईश्वर मान्दछौ र यो अदृष्य ईश्वर देखिदैन आस्थाले पुज्ने हो। ईश्वर अनुभूति हो, विश्वास हो, जसलाई हामी मनको गहिराइबाट अनुभूत गर्छौं, आँखाले होइन।

चाहे हिन्दूको मन्दिर होस् वा मुसलमानको मस्जिद या अन्य कुनै धार्मिक सम्प्रदायको आस्थाको केन्द्र सबैको मूल उद्देश्य एउटै हो ईश्वरसँग सम्बन्ध जोड्नु, आत्मा शुद्ध पार्नु, साँचो बाटोमा हिँड्नु। हिँड्ने बाटो फरक होला तर लक्ष्य एउटै हो सबै धर्मको। विधि, शैली, स्वरुप फरक होलान् तर उद्देश्य एउटै हो। गजलको यो शेरले धार्मिक सहिष्णुता, एकता र समभाव गहिरो रुपमा उजागर गरेको छ।

*जव आउँछ याद रोएरै चुम्छु*
*तिमी र तस्वीर उस्तै त हो नि...*

गजलको यो शेरले गहिरो प्रेम, विछोड र भावनात्मक पीडाको अत्यन्त मार्मिक अभिव्यक्ति दिएको छ। समय र परिस्थिति सधैं समान हुदैन, हिजोसम्म संगै भएकी उनी आज धेरै टाढा पुगेकी हुन सक्छिन् भूगोल अनि भावना दुवैबाट। यहाँ गजलकारको भाव यस्तो पाइन्छः 'हो म तिमीलाई प्रेम गर्छु तर तिमीलाई पाउँदिन, तिमीलाई सम्झिन्छु तर भेट्दिन, अव मसँग तिमी र तिम्रो तस्वीरबीच केहि फरक छैन भनेर मन बुझाउन बाध्य भएको छु। तिमी र तस्वीर उस्तै त हो नि ! तिमी टाढा भए पनि तिम्रो तस्बीर त मसँग बाँकी छ नि, हो त्यो तस्वीर बोल्दैन, हाँस्दैन, अनुभव गर्दैन, छुने क्षमताहीन छ र तिमी पनि त अब यस्तै भयौ– टाढा, मौन, अप्राप्य। जसरी तस्वीर बोल्दैन, मसँग संवाद गर्दैन अब तिमी पनि त्यस्तै भएकी छ्यौ, तिमी मेरो अनुभूतिमा मात्र अटाएकी छ्यौ, अहिले म अझै पनि त्यो सम्बन्धको अवशेषहरूमा बाँचेको छु जुन बेला तिमी थियौ, तिम्रो साथ थियो, तिम्रो माया थियो, सबै कुरामा तिमी थियौ तर अव तिमी केवल तस्बिरमा, सम्झनामा अनि आँसुका लहरहरूमा छ्यौ, तिनै लहरहरूमा म तिमीलाई पाउँछु, भेट्छु। हो, तिम्रो वास्तविक साथ त हराइसकेको छु मैले, गुमाइसकेको छु, तिमी नभए पनि के भो त ? तिम्रो तस्वीर छ नि मसँग ! मेरो मोवाइल भरि तिम्रा विभिन्न भावका तस्वीरहरू सुरक्षित छन्, तिनै मध्ये मलाई मन परेको तिम्रो सुन्दर तस्वीरलाई जुम गरेर हेरे, तस्वीरसँगै केहि बोले, तिम्रो तस्वीर जुम गरेर मोवाइललाई वेस्सरी छातीमा टाँसे, आँखा चिम्लेर त्यहि मोवाइल अनि त्यहि तस्वीर तिमी भएको कल्पना गरे, तिमीप्रति मनमा उर्लेका प्रेमिल भावले आँखा रसाएनन् मात्र असारे झरी झैं बर्सिए आँसुका लहरहरू, तिमीलाई महशुष गरे, छातीमा बेस्सरी टाँसिएको तिम्रो तस्वीरसहितको मोवाइलको स्क्रिनलाई विस्तारै माथी सारे, आँखा नजिकै ल्याए, तिम्रो तस्वीरलाई गहिरो नजरले नियाले, मन तिम्रै यादले भरिएको थियो, अश्रुधारा तिम्रै यादले बर्सिएका थिए ..मन बेस्सरी भक्कानियो, मोवाइलको स्क्रिनमा तिम्रो तस्वीरलाई मुलायम भावमा सुम्सुम्याए अनि तिम्रो निधार, आँखा, गाला, गला अनि अधरमा चुम्वन गरे, तिमीप्रति उर्लेको असिमित प्रेमिल भाव सबै त्यहि तस्वीरमा पोखे। हो, जव तिम्रो धेरै याद आउँछ यसरी नै रुँदै तिम्रो तस्वीर चुम्छु, तिमी र तस्वीर उस्तै त हो नि ...

*तोड्न सके न दिल छ खुसी*
*बाचा र जन्जिर उस्तै हो नि....*

तिमी नभए पनि, तिमी पराई भए पनि म तिमीसँगको नाता तोड्न सक्दिन किनकी मैले मनैदेखि तिमीसँग माया लाएको हुँ, मनैदेखि लाएको माया मर्दै मर्दैन, अजर, अमर रहन्छ। म यति बेला तिमीसँगको त्यो प्रेमिल भाव, तिमी संगसगै गरेका वाचा, प्रतिबद्धताहरू मनभरि संगालिरहेको छु। त्यहि भावमा बहकिरहेको छु, यति बेला म न त तिमीसँगको बाचा तोड्न सक्छु न त तिम्रो अभावमा खुसीले ज्युँन सक्छु। हाम्रो प्रीतको पूर्णताको लागि, तिमीलाई मेरो प्रेमको विश्वास दिलाउनको लागि, त्यहि विश्वासले तिम्रो मन भरि अटाउनको लागि तिमीसँग गरेका पवित्र, प्रेमिल र सुखद् बाचाहरू यति बेला मलाई विझाइरहेका छन्, साँच्चै यति बेला मलाई तिमीसँग गरेका बाचाहरू बाचा नभएर जन्जिर जस्तै भएको छ, प्रेम रहँदासम्म वाचा अंगालो रहेछ त्यो प्रेम हराउना साथ बाचा जन्जिर बन्ने रहेछ जसले मेरो स्वतन्त्रता खोसेको छ, मेरो भावनाहरूलाई थिचेको छ, दवाएको छ जसले गर्दा मलाई मेरो जीवन नै भारी भएको छ, जव बाचा 'बन्धन' बन्छ, 'जन्जिर' बन्छ तव त्यो प्रेम होइन 'कारावास' बन्ने रहेछ। यति बेला गजलकारले तोड्न नसकिने वाचा र पाउन नसकिने खुसीबीच च्यापिएको महशुष गरिरहेको अनुभूति गजलको यो शेरमा बोलेका छन्।

मानव जीवन, पिडा, प्रेम, आस्था र सम्वन्धप्रतिको गहिरो दृष्टिकोण मिश्रित एवं अर्थपूर्ण गजल लेख्ने गजलकार हुन् जे. सागर। उनका यी जीवनप्रति गहिरो दृष्टिकोण मिश्रित गजलका शेरहरूमा चर्चित गजलकार राज सिग्देलले संगीत भरेका छन् भने राज सिग्देल र कृष्ण पराजुलीले आफ्नो मधुर र लययुक्त स्वर दिएका छन्। उक्त गजलमा पवन रानाभाटको एरेन्ज रहेको छ। फाइन ट्युन स्टुडियोमा रेकर्ड भएको उक्त गजलको मिक्सिङ मास्टरिङ पवन रानाभाटले गरेका छन्।




निकेश खड्काले निर्देशन गरेका 'मस्जिद मन्दिर'को भिडियो सम्पादन भने विकास धमलाले गरेका छन्। भिडियोमा गायक तथा संगीतकार राज सिग्देल र गायक कृष्ण पराजुली फिचर्ड छन्। 'मस्जिद मन्दिर' गजलको भिडियोमा समरा जोशीले श्रृङ्गार गरेकी छिन्। गजल 'मस्जिद मन्दिर' को भिडियो गायक तथा संगीतकार राज सिग्देलको अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ।



मुकुल दाहाल, कवि/अनुवादक

# सीमाहरू तोड्दै अगाडि बढ्ने यात्रा हो 'कविता'

*पूर्वी नेपालको झापामा जन्मी, हाल बेलायतमा रही लेखन तथा प्राज्ञिक कार्यमा सक्रिय मुकुल दाहाल ४० को दशकदेखि निरन्तर साहित्यक लेखन र अनुवाद कार्यमा संलग्न हुनुहुन्छ। वहाँको कविता संग्रह सीमातीत सीमान्त २०६१ सालमा वाणी प्रकाशनबाट प्रकाशित भई श्री वाणी पुरस्कारबाट पुरस्कृत भएको थियो। वहाँको अर्को कविता कृति 'घामतिर उडिरहेका चराहरू' प्रकाशनको तयारीमा रहेको छ। वहाँले २०६६ सालमा इटलीमा भएको नोसिदे विश्व कविता प्रतियोगितामा सर्वोत्कृष्ट विजेताको पुरस्कार जित्नुभएको थियो। वहाँले नेपालीबाट अंग्रेजीमा अनुवाद गर्नुभएको घनश्याम राजकर्णिकारको नियात्रा संकलन साथै अनुवाद तथा सम्पादन गर्नु भएको परशु प्रधानको कथा संग्रह पुस्तकाकार रुपमा प्रकाशित छन्। यस बाहेक वहाँले थुप्रै फुटकर नेपाली कविताहरूलाई अंग्रेजीमा अनुवाद गर्नु भएको छ। विगतमा साहित्यिक पत्रिकाहरू नेपाल लेटर्स (अंग्रेजी साहित्यिक मासिक), चिन्तन (साहित्यिक त्रैमासिक) तथा पेन हिमालय (अन्तर्राष्ट्रिय साहित्यिक अनलाइन)को सम्पादन पनि गर्नुभएको थियो। वहाँले बेलायतको स्वानसी युनिभर्सिटिबाट एम. ए, ग्लासगो युनिभर्सिटिबाट एम. फिल र डण्डी युनिभर्सिटिबाट विध्यावारिधि हासिल गर्नु भएको छ। वहाँ हाल स्कटल्याण्डको एबर्डीनमा बसी नियमित कार्य र लेखनमा संलग्न रहिआउनु भएको छ। प्रस्तुत छ, उहाँसँगको वार्ताको सम्पादित अंश :*

**● कविता के हो ?**

जीवनलाई छोइरहने, जीवनका अनेक रंगहरू प्रकट भइरहने कलाको रूप कविता हो जस्तो लाग्छ। कविता शायद भाषाको मृदु सरगम हो, जब हामीभित्रको संवेदनाले केही सुरिलो भन्न खोज्छ, राम्रो श्रृङ्गारका साथ अभिब्यक्त हुन खोज्छ त्यो कविता बन्ने रहरमा हुन्छ। कवितामा आक्रोश सुन्दर हुन्छ, घृणा रूपवान हुन्छ, पीडा, पीर, आवेग, उद्वेग सबै कोमल हुन्छन्। मान्छेलाई रून मन लाग्दा भाषाले कविताको ठाउँ देखाइदिन्छ। कवितामा अभिव्यक्त विद्रोहले सत्ता हल्लाउने सामर्थ्य पनि राख्छ। कवितामा मुना मदन, गौरी, मातेको मान्छेको भाषण, फर्सीको जरा, आगोका फूलहरू हुन सबै अटाउँछन्। सधैं व्याख्या परिभाषा खोजिरहने, सधै व्याख्या परिभाषामा नअटाउने जीवनको र अस्तित्वका अनेक सत्यहरू उद्‌घाटन भइरहने सिर्जना र कलाको स्तुप कविता हो।

**● कविता शास्त्रीय सिद्धान्तले हेरिने विधा हो ?**

सिद्धान्तहरू एक आयाम हो, सिर्जना अर्को आयाम हो। शास्त्रीय सिद्धान्तहरूको प्रयोग कविताको कलात्मक चेतनालाई बुझ्ने र त्यसको बनोट र प्रयोगका उम्दा पक्षहरूको विश्लेषण गर्ने उद्धेश्यमा केन्द्रित भएको हदसम्म ती सिद्धान्तहरूले हेर्न सकिएला। तर ती सिद्धान्तहरूले कवितालाई हेर्दा कविताको स्वतन्त्र आकाशलाई संकुचन गर्ने वा सीमामा राखिनुपर्ने आग्रह जोडिए कविता आफैले त्यसलाई खारेज गरिदिन्छ। कविता एक लोकप्रिय र गम्भीर विधा हो। यो जीवन जत्तिकै विविध, व्यापक र कुनै नियम विधानमा बग्न नरूचाउने एक प्रवाह हो। त्यसैले सिद्धान्तहरूले हेर्न सकिएला तर कुनै सिद्धान्तले निर्दिष्ट गर्ने स्पेसमा सीमित रहन्न। कविता सीमाहरू तोड्दै अगाडि बढ्ने यात्रा हो। यो पढिने, सुनिने र महसुस गरिने कला हो, यसको आफ्नै चेतना छ।

**● तपाईंको सम्मोहन किन रह्यो कवितासँग ?**

मेरो आफ्नो कल्पनाको स्वभाव वा सिर्जनात्मक धुनको स्वभाव कवितासँग बढी मिल्न गयो कि भन्ने लाग्छ। मैले फिक्सन पढ्दा वा निबन्धहरू पढ्दा पनि कवितै पढिरहेको हुँदो रहेछु। युवराज नयाँघरेका नियात्राहरू पढ्छु– कवितै कविता भेट्छु। धरावासी, अमर नेउपाने, बुद्धिसागर वा नगरकोटी (मात्र केही नामहरू, अरू कयौं आख्यान लेखकहरू हुनुहुन्छ) का कथा उपन्यासहरू पढ्छु, कवितै कविता भेट्छु। मलाई कल्पनाको सघनता, भाषाको अद्‌भुत क्षमता र बिम्बहरूको जादुगरीले सधैं लठ्याइरहन्छ। जहाँ कल्पनाशीलता घना बन्छ, जहाँ भाषाले बिम्बमा बोल्न शुरू गर्छ, त्यहाँ म पुग्दो रहेछु, त्यहाँ जीवन पुग्दो रहेछ, त्यहाँ कविता हुँदो रहेछ।

**● कविता सिद्धान्त कति हो, यथार्थ कति हो ?**

मेरो बुझाइमा कविता सिद्धान्त हैन यो सिर्जना हो, कलाको रूप हो। हो, शास्त्रीय काव्यिक विधाहरू छन्दका सिद्धान्त र नियममा लेखिन्छन् र तिनीहरूमा लय र ध्वनि सौन्दर्य भरपुर रहन्छ तर तिनीहरू आफैंमा सिद्धान्त हैनन्। तिनीहरू पनि सिर्जनाका नओइलाउने फूलहरू हुन। अर्को थरी मानिसहरू छन्, कवितामा वाद खोज्छन्, तर वादहरू कविता होइनन्।

**● तपाइँ आफ्नो समयको निकै बलियो सर्जक हो। अहिले किन सुस्त ?**

कविता सिर्जना गरी नै रहेको छु। तर स्थानान्तरण र नयाँ ठाउँका तमाम संघर्षहरूले ध्यान केही समय अन्य कुरामा बढी केन्द्रित भयो। तर त्यो अवस्था पनि सकिएको छ र म अहिले त्यतिकै सकृय छु।

**● कवितामा अहिले प्रविधि हावी भएको छ। के यो आवश्यक छ ?**

कविता मात्र हैन प्रविधिले जीवन र जगतका हरेक अर्थहरू माथि हमला गरिरहेछ। मानवीय संवेदनालाई कृतिम, बजार वा क्रयविक्रयको औजार र सातहिक बनाइरहेछ। यस अर्थमा काव्यलाई पनि त्यही दिशातिर तान्ने खतरा छ। प्रविधि त्यसमा पनि विशेषत आर्टीफिसियल इन्टेलिजेन्सको प्रयोगले मानवीय प्रज्ञा र प्रतिभालाई चुनौती दिइरहेको छ। तर मौलिक सिर्जनामाथि डरलाग्दो ढंगले हावी हुन भने सक्दैन।

**● आज विश्वविद्यालयमा पढिने कविताले काव्यिक मान्यता प्राप्त गर्छ ?**

छनौटमा सधैँ सीमितता हुन्छ। त्यो छनौट गर्ने व्यक्ति वा समूहको रूचि, स्वार्थ र प्राथमिकतामा आधारित हुन्छ। विश्वविध्यालयको पाठ्यक्रमको छनौट र निर्माण प्रकृयामा पनि त्यो लागु हुन्छ। त्यसैले त्यसमा छानिएका र समेटिएका काव्यिक रचना सामग्रीहरू यदि देवकोटा, रिमाल, लेखनाथ, सम, काइँला, बल्लभ, कोइराला, भुपी वा माधव घिमिरे जस्ता नेपाली काव्यिक इतिहासका धरोहर भए यो प्रश्न बाहिर रहलान्। अन्यको हकमा कस्ता कविताहरू समेटिएका छन्, त्यसमा निर्भर गर्छ। त्यसैले ती छनौट गरिएका कविताहरूमा काव्यिक मुल्यको कसीमा हेर्दा प्रशस्त सीमाहरू रहलान्। प्रश्नहरू रहलान्।

**● कवितामा तपाईँको पहिचान ४० को दशकमा निकै बलशाली थियो। अहिले हामीसित त्यो आधार कत्तिको छ ?**

आधार त्यत्तिकै बलियो छ तर मैले फुटकर कविताहरू मात्र दिइरहेको छु। अब पुस्तकमा आउनु जरूरी छ भन्ने कुरामा सचेत छु र त्यो दिशामा सकृय छु।

**● आजको नेपाली कविता विश्व स्तरमा उभिन सक्ला ?**

मेरो अध्ययन र पठनले भन्छ नेपाली कविता विश्वस्तरमा उभिन सक्छ तर स्तरीय कविताको त्यही उचाइको अनुवाद भई विश्वबजारमा जान सक्ने गरी प्रकाशन हुनु आवश्यक हुन्छ।

**● तपाईंको कवितासँगै अनुवादमा पनि विशेष दखल थियो। अहिले त्यो शिल्प कहाँ छ ?**

अनुवादमा रूचि उस्तै नै छ तर त्यो शिल्पको प्रयोग मैले धेरै गर्न सकेको छैन। विदेशको जीवनमा समयको पावन्दी रहन्छ। त्यसैले थोरै र फुटकर रूपमा मात्र गर्न सकेको छु।

**आज नेपाली कवितामा किन पहिचानको मुल्य स्थापित नभएको हो ? के यो युद्धमा नेपाली काव्यिक चरित्रको विजय नहोला ?**

मुख्य कुरा अनुवाद, प्रकाशन र त्यसलाई विश्वव्यापिकरण वा अन्तराष्ट्रिय स्तरमा पुर्‍याउने जस्ता कार्यहरू जति हुनुपर्ने त्यति नभएका हुन्। अनुवादमा कुन रचना वा कृतिलाई लैजाने भन्ने कुरा पनि महत्वको विषय हुन्छ। कुन काव्यको अनुवाद गर्ने वा कुन रचनाले नेपाली भाषिक सांस्कृतिक विरासतको पहिचान बोक्न सक्छ भन्ने कुराले ठुलो अर्थ राख्छ। प्रज्ञा प्रतिष्ठान जस्ता संस्थाले अन्तर्राष्ट्रिय प्रकाशन हाउस र सम्पादकसँग समन्वय गरेर सशक्त रूपमा यो दिशामा काम गरे अझ प्रभावकारी हुन्छ।



# नाडा अटो शोमा जे देखियो

**वि.स. २०५५ सालबाट सुरु गरिएको नाडा अटो शो नेपाली अटो व्यवसायीहरूको लागि सबैभन्दा ठूलो पर्व भन्दा फरक नपर्ला। यही भाद्र ३ गतेबाट सुरु भएर ८ गते समापन भएको नाडा अटो शो मा यस वर्ष गत वर्षभन्दा अझै रौनकता छाएको देखिन्थ्यो। त्यसको प्रमुख कारण यस वर्षको अटो शो मा गुड्ने मात्रै नभई उड्ने कार समेत राखिएको थियो भने नाडा अटो शो मै रोवर्टहरू समेत देख्न पाइने हुनाले दर्शकको राम्रै भिडभाड देखिएको थियो। शोमा कोही गाडि बुक गर्ने योजनामा आएका थिए भने कोही प्रदर्शमा राखिएका गाडि, बाइक तथा रोवर्ट हेर्न आएका थिए।**

**मेलामा १५ लाख देखि ४ करोड सम्मका लक्जरियस कारहरू राखिएका थिए, त्यस्तै बाइक, स्कुटर, ३ पाङ्ग्रे सवारी, कमर्शियल भेइकलहरूहरू पनि उत्तिकै मात्रामा देखिन्थे। झन्डै सय वटा स्टलहरूले भरिएको नाडा अटो शो मा गाडिहरूका अलवा गाडि तथा मोटर साइकलमा प्रयोग हुने पार्ट्स, टायर, हेल्मेट साथै विभिन्न बैंक तथा वित्तिय संस्था, बिमा, हस्पिटल, होटल लगायतका स्टलहरू रहेका थिए। ६ दिन लागेको अटो शो मा १ लाख ७० हजारभन्दा बढी दर्शकहरूको उल्लेखिय उपस्थिति रहेको थियो।**



पर्वत विश्वकर्मा

**तर यस वर्षको नाडा अटो शो पुरै इभिमय रहेको भन्दा पनि फरक नपर्ला किनभने प्रत्येक स्टलहरूमा रहेका कार, गाडिहरू मात्रै नभएर बाइक तथा स्कुटर पनि इभि नै देख्न सकिन्थ्यो। त्यस्तै प्रर्दशनको आकर्षण बनेको उड्ने कार समेत इभि नै रहेको थियो।**

**पछिल्लो समय नेपालमा इभि गाडिहरूको माग बढिरहेको छ। पेट्रोल, डिजेलको भाउ दिनप्रतिदिन महँगिएसँगै नेपालमा इभि गाडि चढ्नेहरूमा उल्लेखिय वृद्धि भएको हो।**

**त्यसलाई नै मध्यनजर गर्दै यस वर्षको नाडा अटो शोमा इभिका नयाँ र आकर्षक फिचरसहितका गाडिहरू धेरै मात्रामा रहेका थिए। त्यस्तै विगतका वर्षहहरूका तुलनामा यस वर्ष गाडिहरू पनि उल्लेख्य मात्रामा बिक्री भएको छ।**

**अन्ततः यस वर्षको नाडा अटो शो मा ग्राहकहहरूको संख्या बढ्नु र इभि गाडिहरू बढी बुकिङ हुनुमा नेपालीहरूका लागि अब गाडि इच्छा मात्रै नभएर आवश्कता बनिसकेको प्रष्ट हुन्छ भने वातावरण अनुकुल सवारी साधनप्रतिको बढदो रुचीले प्रेट्रोलियम पर्दाथको आयात कम गरे व्यापार घाटा कम गर्न पनि ठुलो मद्दत पुर्‍याउने देखिन्छ ।**



# इ-सिगरेट प्रयोग नगरौं, सुरक्षित र स्वस्थ्य रहौं ।

***इलेक्ट्रोनिक सिगरेट वा भेपिङ पनि चुरोट वा अन्य सुर्तीजन्य पदार्थ जस्तै स्वास्थ्यको लागि हानिकारक हुन्छ, त्यसैले:***

- इ-सिगरेटले निकोटिनको लत बढाउँछ,
- यसले फोक्सोको रोगका साथै स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ,
- धेरैजसो इ-सिगरेटमा विषालु रसायनहरू हुन्छन्,
- इ-सिगरेट सुरक्षित विकल्प नभई स्वास्थ्यका लागि हानिकारक हुन्छ,
- स्वस्थ जीवनका लागि धूम्रपान र इ-सिगरेट दुवैबाट टाढा बसौं ।

**स्वस्थ बनौं हानिकारक वस्तुबाट टाढै रहौं ।**

**नेपाल सरकार**

## विज्ञापन बोर्ड




IME®
International Money Express
Fast, Reliable And Secure Remittance
IME pay
GET IT ON Google Play
Download on the App Store
SCAN & DOWNLOAD

म.क्षे.हु.नि.द.नं. ७/०७०/७१

**HARDIK**
IVF and Fertility Center
Where Miracles Come to Life

# उच्च IVF सफलता दर

## सर्वोत्तम सफलताको सुनिश्चितताका लागि उचित हेरचाह



- International Standard IVF Center
- A-grade Pathology
- Experienced Doctors
- Personalized Care
- Advanced Technology

आजै हाम्रो विशेषज्ञ डाक्टरहरूसंग
निःशुल्क परामर्शका लागी सम्पर्क राख्नुहोस ।

01-5971461, 5917982,
9802352811

हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं